# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## बराहक्षेत्र नगरपालिका

## सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

बराहक्षेत्र नगरपालिका

सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## बराहक्षेत्र नगरपालिका

सुनसरी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः
च.नं.६५ मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सुनसरी।

१. **कैफियतसहितको राय-** हामीले बराहक्षेत्र नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ५ करोड २७ लाख १२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २० लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ५८ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३७ लाख ४५ हजार र पेश्की रू. १० लाख ४० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १६ करोड ४० लाख ५८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २१ करोड ६७ लाख ७० हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

बराहक्षेत्र नगरपालिका, सुनसरी

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७१ | १०५ | ५२७१२ | ० | ० | ० | ७१ | १०५ | ५२७१२ | २०४९ | १३७४५ | ३५८७८ | ० | ० | ४९६२३ | १०४० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपर कुनै प्रतिकृया प्राप्त नभएकोले प्रतिकृयाबाट फछ्यौंट नभाएको | | | |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बराहक्षेत्र नगरपालिका सुनसरी | १६४०५८ | ० | ० | १६४०५८ | ० | ५२७१२ | २१६७७० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बराहक्षेत्र नगरपालिका, सुनसरी , बराह नगरपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अम्बिका प्रसाद चौलागाई | २०७८-९-१९ | |
| कार्यालय प्रमुख | राजेश प्रसाद पोखरेल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | वीरेन्द्र यादव | २०७५-१२-१० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५२,७१२,७८८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १६,९९,७६,६४६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६२,६०,९५,००० | **चालु खर्च** | ७९,६६,६६,६५३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५९,९५,२३३ | **पूँजीगत खर्च** | ४३,२७,८५,८६६ |
| **राजश्व बाँडफाँट** | १५,३४,४३,६८२ | **वित्तीय/अन्य व्यवस्था** | ३,९४,९३,०७७ |
| **आन्तरिक आय** | ९,५७,२९,३८७ | | |
| **अन्य आय** | ४०,४४,३८,५५९ | | |
| **कुल आय** | १,३१,५७,०१,८६१ | **कुल खर्च** | १,२६,८९,४५,५९६ |
| **बाँकी मौज्दात** | | २१,६७,३२,९११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । सुनसरी जिल्लाको उत्तर पश्चिममा पर्ने जिल्लाकै सबैभन्दा ठूलो यो नगरपालिकामा साविकको बराहक्षेत्र, महेन्द्रनगर, भरौल, प्रकाशपुर र मधुवन गा.वि.स.हरू समायोजन भई नेपाल सरकारको मिति २०७३।११।२७ गतेको निर्णयानुसार यसको पालिकाको नाम बराह नगरपालिका कायम भएको थियो भने प्रथम नगरसभाले यस पालिकाको नाम संशोधन गरी बराहक्षेत्र नगरपालिका नामाकरण गरिएको छ । यस पालिकाको कुल क्षेत्रफल २२२.०९ वर्ग कि.मी. रहेको छ भने वडा संख्या ११ वटा रहेको छ । यस पालिकाको नगरसभामा नगर प्रमुख सहित सभा सदस्य संख्या ६० रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार पालिकाको कुल जनसंख्या ७७ हजार ५ सय ६५ जना रहेको छ । यस पालिकामा कुम्भ नगरी चतराधाम, सूर्यकुण्ड, श्रीलंका टप्पु, अमाह सिमसार, अमाह सिमसार, टेकाने पोखरी, औलिया बाबा मठ, कोशी टप्पु आरक्ष क्षेत्र आदी धार्मिक र पर्यटकीय क्षेत्रहरू रहेका छन् । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

लेखापरीक्षण को दौरानमा संघिय संचित कोष फिर्ता गर्नुपर्ने रकम र असुल गर्नुपर्ने रकम सम्वन्धित निकायमा रकम फिर्ता दाखिला गरेको पाइयो ।

| सि. न. | विवरण | रकम | कोष |
|---|---|---|---|
| १ | बढि निकासा | ७२००१ | संघिय सञ्चित कोष |
| २ | विद्यालयलाई बढी निकासा भएको | ५७१७१ | संघिय सञ्चित कोष |
| | जम्मा | १२९४७२ | |

४

**प्राप्ति भुक्तानी विवरणः**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १,०८,६३,३३,९३८.५० | १,००,४७,५४,६०७.२७ | | १,००,४७,५४,६०७.२७ | ८७,५८,६३,९६०.७७ | | ८७,५८,६३,९६०.७७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ९९,८०,५८,९३०.०० | ९५,९९,९०,३१९.९० | ० | ९५,९९,९०,३१९.९० | ८४,१४,७५,७४५.९७ | ० | ८४,१४,७५,७४५.९७ |
| ११००० कर | ११ | २२,९०,७९,९३०.०० | २२,९६,९०,८७१.०६ | ० | २२,९६,९०,८७१.०६ | १९,२३,२७,६६४.७४ | ० | १९,२३,२७,६६४.७४ |
| १३००० अनुदान | | ७१,७४,७९,०००.०० | ७१,०८,१७,२५०.०० | ० | ७१,०८,१७,२५०.०० | ६२,७७,६५,९६४.०० | ० | ६२,७७,६५,९६४.०० |
| संघीय सरकार | १२ | ६७,८९,६६,०००.०० | ६७,८३,९२,२५०.०० | ० | ६७,८३,९२,२५०.०० | ५९,९८,९६,९६४.०० | ० | ५९,९८,९६,९६४.०० |
| प्रदेश सरकार | १२ | ३,८५,१३,०००.०० | ३,२४,२५,०००.०० | ० | ३,२४,२५,०००.०० | २,७८,६९,०००.०० | ० | २,७८,६९,०००.०० |
| १४००० | | ५,१५,००,०००.०० | १,९४,८२,१९८.८४ | ० | १,९४,८२,१९८.८४ | २,१३,८२,११७.२३ | ० | २,१३,८२,११७.२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्य राजस्व | | | | | | | | |
| ख. अन्य प्राप्ति | | ८,८२,७५,००८.५० | ४,४७,६४,२८७.३७ | | ४,४७,६४,२८७.३७ | ३,४३,८८,२१४.८० | | ३,४३,८८,२१४.८० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ८,८२,७५,००८.५० | ३,२५,१७,८३९.६४ | ० | ३,२५,१७,८३९.६४ | २,१२,५४,०४२.२६ | ० | २,१२,५४,०४२.२६ |
| धरौटी | | ० | १,२२,४६,४४७.७३ | ० | १,२२,४६,४४७.७३ | १,३१,३४,१७२.५४ | ० | १,३१,३४,१७२.५४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,२१,६३,८३,५०८.५० | ९१,८८,२१,६६४.७३ | | ९१,८८,२१,६६४.७३ | ८६,९६,४५,६५७.८२ | | ८६,९६,४५,६५७.८२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,१२,८१,०८,५००.०० | ८६,८३,४६,८२०.६३ | | ८६,८३,४६,८२०.६३ | ८३,८६,०८,४०९.७० | | ८३,८६,०८,४०९.७० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३५,३३,६५,०००.०० | ३४,२७,२०,००४.३८ | ० | ३४,२७,२०,००४.३८ | २९,६४,९७,९१५.६७ | ० | २९,६४,९७,९१५.६७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,७८,७९,०००.०० | ११,९७,१७,९५१.९१ | ० | ११,९७,१७,९५१.९१ | १३,४०,२९,५५८.१० | ० | १३,४०,२९,५५८.१० |
| २५००० सहायता (Subsidy) | १८ | १०,००,०००.०० | ८,९१,३३३.०० | ० | ८,९१,३३३.०० | ५९,९४,९६०.०० | ० | ५९,९४,९६०.०० |
| २६००० अनुदान | १८ | १०,३३,०००.०० | ० | ० | ० | ३,४२,७०,६९४.०० | ० | ३,४२,७०,६९४.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,६३,१०,०००.०० | १,०५,०००.०० | ० | १,०५,०००.०० | ३६,५९,७६०.०० | ० | ३६,५९,७६०.०० |
| २८००० अन्य खर्च | १८ | २८,५०,०००.०० | २०,०८,३३२.४० | ० | २०,०८,३३२.४० | १,५३,५२,१२१.०० | ० | १,५३,५२,१२१.०० |
| ३१००० | १८ | ६०,५६,७१,५००.०० | ४०,२९,०४,१९८.९४ | ० | ४०,२९,०४,१९८.९४ | ३४,८८,०३,४००.९३ | ० | ३४,८८,०३,४००.९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | | | | | | | | |
| घ. अन्य भूक्तानी | | ८,८२,७५,००८.५० | ५,०४,७४,८४४.१० | | ५,०४,७४,८४४.१० | ८६,९६,४५,६५७.८२ | | ८६,९६,४५,६५७.८२ |
| कोषहरु | | ८,८२,७५,००८.५० | ४,१५,७४,०९७.६५ | ० | ४,१५,७४,०९७.६५ | २,१९,७०,४६४.६६ | ० | २,१९,७०,४६४.६६ |
| धरौटी | | ० | ८९,२९,१८२.२३ | ० | ८९,२९,१८२.२३ | ९०,६६,७८३.४६ | ० | ९०,६६,७८३.४६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| वाँकी मौज्दात फिर्ता (कोलेनिकार प्रदेश) | | | ५,३७,७७,०१६.७८ | | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | ४,६७,५६,२६५.१३ | | ४,६७,५६,२६५.१३ | ४,४५,३१,२८१.५१ | | ४,४५,३१,२८१.५१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १६,९९,७६,६४६.११ | | १६,९९,७६,६४६.११ | १२,५४,४५,३६४.६० | | १२,५४,४५,३६४.६० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २१,६७,३२,९११.२४ | | २१,६७,३२,९११.२४ | १६,९९,७६,६४६.११ | | १६,९९,७६,६४६.११ |
| बैंक तथा नगद बाकी | २४ | | २१,६७,३२,९११.२४ | | २१,६७,३२,९११.२४ | १६,९९,७६,६४६.११ | | १६,९९,७६,६४६.११ |

| | | | | |
|---|---|---|---|---|
| ७ | | | **एकिकृत आय व्यय विवरणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| सि.नं. | आय तर्फ विवरण | रकम | सि.नं. | वि |
|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | १६९,९७६,६४६।११ | १ | स्थानीय तह तर्फ |
| | क) धरौटी तर्फ रू. ९५,५१,७१०।०३ | | | क) चालु खर्च |
| | ख) कर्मचारी कल्याण कोष रू. १,७०,५६,१६१।३६ | | | ख) पूंजीगत खर्च |
| | ग) विविध खर्च खाता गर-७ तर्फ रू. ७१,३०,९६२।०० | | २ | प्रदेश सरकारबाट प्राप्त |
| | घ) प्रकोप व्यवस्थापन कोष ग७-२ तर्फ रू. २,००,४३५।३३ | | | क) सशर्त अनुदान चालु |
| | ङ) संचित कोष तर्फ रू. १३,६०,३७,३७७।३९ | | | ख) सशर्त अनुदान पूंजीग |
| २ | आन्तरिक राजश्व | ९५,७२९,३८७।१३ | | ग) समपुरक अनुदान |
| ३ | संघीय सरकारबाट प्राप्त अनुदान | | ३ | संघीय सरकारबाट प्राप्त |
| | क) वित्तीय समानीकरण | २०१,२००,०००।०० | | क) सशर्त अनुदान चालु |
| | ख) सशर्त अनुदान | ३९९,९९५,०००।२२ | | ख) सशर्त अनुदान पूंजीग |
| | ग) राजश्व बाँडफाँडबाट प्राप्त | १३७,०५५,९५१।०८ | | ग) विशेष अनुदान |
| | घ) विशेष अनुदान | २४,९००,०००।०० | ४ | कार्य संचालन कोष तर्फ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | अपाङ्गता रोकथाम तथा |
| | क) वित्तीय समानीकरण | १२,०२०,०००।०० | | सडक बोर्ड |
| | ख) सशर्त अनुदान | | | लागत सहभागिता |
| | प्रदेश सशर्त अनुदान | ५००,०००।०० | | औद्योगिकग्राम पूर्वाधार वि |
| | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार | १३,४७५,२३३।०० | | नगर अस्पताल स्तरोन्नति |
| | ग) समपुरक अनुदान | १०,०००,०००।०० | | मू.अ.कर दाखिला |
| | घ) राजश्व बाँडफाँड (सवारी साधन कर) | १६,३८७,७३१।६९ | | ढुङ्गा, गिटी, बालुवाको ठे |
| ५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (इ-पेमेन्ट) | | | शिक्षा विकास निर्देशनाल |
| | क) सामाजिक सुरक्षा कार्यक्रम | ३३०,५५९,०३२।०० | | जि.स.स.बाँडफाँड अनुदान |
| | ख) गरीवसँग विश्वेश्वर कार्यक्रम | ६६५,०००।०० | | आइशोलेशन धरौटी फिर्ता |
| | ग) एकिकृत स्वास्थ्य पूर्वाधार वकास कार्यक्रम | २९,८८१,६७०।३२ | | कोरोना बीमा दावी खाता |
| ६ | यस वर्षको धरौटी प्राप्त | ३,१६८,८८४।४६ | ५ | धरौटी फिर्ता |
| ७ | सडक बोर्ड | १,७४४,७२५।०० | ६ | संघीय सरकारबाट हस्ता |
| ८ | लागत सहभागिता | १५,९०७,२४६।१४ | | क) सामाजिक सुरक्षा का |
| ९ | नगर अस्पताल स्तरोन्नति | ४,०००,०००।०० | | ख) गरीवसँग विश्वेश्वर |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वित्तिय विवरण विश्लेषण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ६.१ | | | **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३३०५५९०३२ एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम तर्फको रु २९८८१६७० र गरिब संग विशेश्वर कार्यक्रम तर्फको रु ६६५००० गरी जम्मा रु ३६११०५७०२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ६.२ | | | **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. ३१०९४७२५५ ,यस वर्षको भुक्तानी रु. ३५९५९६३३४ र बैङ्क मौज्दात रु. ९४७२४०२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | १६९९७६६४६ | १००४७५४६०६ | ९१८८२१६६४ | २१६७३२९११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | १६९९७६६४६ | १३१५७०१८६१ | १२७८४१७९९८ | २०७२६०५०९ |
| फरक | ० | ३१०९४७२५५ | ३५९५९६३३४ | ९४७२४०२ |

६.३ सञ्चित कोष जिम्मेवारी – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार सञ्चित कोष समेत रु. १६९९७६६४६ मौज्दात रहेकोमा यो वर्ष सञ्चित कोषमा रु. १६९९७६६४६ जिम्मेवारी सारेको छ ।

६.४ **बैंक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १. | संचित कोष | ४३३७०७५० | १८३४१२४५ | -२५०२९५०५ |
| २. | चालु खाता | ५१९९१६९ | ५५३५७३५ | ३३६५६६ |
| ३. | पुंजीगत खाता | १०१४३३८८७ | ७०१२०२४६ | -३१३१३६४१ |
| ४. | आन्तरिक राजश्व खाता | २७१२४२७४ | २९२३७९०७ | २११३६३३ |
| ५. | आन्तरिक अनुदान खाता | ० | १०२०७८०९० | १०२०७८०९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६.</td><td>वाडफाडवाट प्राप्त राजश्व खाता</td><td>१७३३९५२८</td><td>२०७८१०९२</td><td>३४४१५६४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५१६२६७०७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ५५३५७६५ पुंजीगत खातामा रु. ७०१२०२४६, आन्तरिक राजस्व खातामा रु.२९२३७९०७ , राजस्व बाँडफाँड खातामा रु. २०७८१०९२ र आन्तरिक अनुदान खातामा रु १०२०७८०९० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ</td><td></td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>विविध कोष तर्फ – पालिकाको विविध कोषतर्फ गत आर्थिक वर्षको अ.ल्या. सहित आम्दानी रु. ३६,९०२,५६४.६४ र खर्च रु. २६,६४८,४९२.४३ भइ मौज्दात रु. १०,२५४,०७२.२१ रहेको देखिन्छ । पालिकाले पेश गरेको विवरण अनुसार विविध कोषमा देहाय अनुसारको शिर्षको रकम मौज्दात रहेको देखिन्छ ।
<table>
<tr><th>शिर्षक</th><th>आम्दानी</th><th>खर्च</th><th>बाँकी</th></tr>
<tr><td>अपाङ्गता रोकथाम तया न्यूनीकरण कार्यक्रम</td><td>४८७४९०६.५०</td><td>३६३९७४२.९१</td><td>१२३५१६३.५९</td></tr>
<tr><td>सडक बोर्ड</td><td>३४८९४५०.००</td><td>१४२२५३०.८६</td><td>२०६६९१९.१४</td></tr>
<tr><td>लागत सहभागिता</td><td>१५९०७२४६.१४</td><td>१५६७६१८२.१४</td><td>२३१०६४.००</td></tr>
<tr><td>औद्योगिक ग्राम पूर्वाधार विकास</td><td>७१३०९६२.००</td><td>४९७८३२.५२</td><td>६६३३१२९.४८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>नगर अस्पताल स्तरोन्नति</td><td>४००००००.००</td><td>३९९९२५४.००</td><td>७४६.००</td></tr><tr><td>जि. स. स. बाँडफाँड अनुदान</td><td>१५०००००.००</td><td>१४१२९५०.००</td><td>८७०५०.००</td></tr><tr><td>जम्मा</td><td>३६,९०२,५६४.६४</td><td>२६,६४८,४९२.४३</td><td>१०,२५४,०७२.२१</td></tr></table> उपरोक्त शिर्षकमा आएको रकमहरु खर्च नभइ मौज्दात राखिएको हुँदा वास्तविक आम्दानी र खर्च यकिन गरी सम्बन्धित निकायलाई फिर्ता गर्नुपर्ने देखिन्छ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्-<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।<br>• पालिकामा PAMS लागू भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुँदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे यकिन गर्न नसकिने हुँदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाइयो ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्यका लागि सम्झौता गर्न गठन गरेका उपभोक्ता समितिहरूको गरी दर्ता गर्ने गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थानीय तहको आर्थिक कारोवारको लागि म.ले. नि. का. बाट स्वीकृत सफ्टवेयर सूत्र (SuTRA) प्रयोग गरी कारोवार संचालन र वित्तिय प्रतिवेदन तयार गरेको पाइयो।<br><br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले २०७८।३।९ गते रु. १०५५८३२५०० को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२५ मा प्रमुख प्रसाशकीय अधिकृतलाई अख्तियारी दिएको पाइयो । | |
| ९ | | | **लक्ष्य तथा प्रगतिः**<br><br>आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३५ मा बजेट कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम ३६ मा त्रैमासिम प्रगति प्रतिवेदन प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने तथा समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नु पर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नियमावलीको व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । अतः पालिकाले वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गरे नगरेको बिश्लेषण गर्न सकिएन । | |
| १० | | | **चौमासिक खर्चः**<br><br>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।<br><br>रु. हजारमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्रम सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १. | नगर पूँजिगत तर्फ | ३११७६८.८० | ३५०१९.५२ | ५९४७१.९५ | २१७२७६.५९ | |
| २. | संघिय सरकार हस्तान्तरीत | ७९४००.०० | १६४८०.०० | १२०४५.४५ | ५०८७५.०० | |
| ३. | प्रदेश सरकार हस्तान्तरित | १३४७५.०० | ० | २२०.२७ | १३२५४.९५ | |
| ४. | प्रदेश समपुरक | ४९९३.९२ | ० | २६२३.९२ | २३७०.०० | |
| | जम्मा | ४०९६३७.७० | ५१४९९.५२ | ७४३६१.५९ | २८३७७६.०० | |
| | प्रतिशतमा | १०० | १२ | १८ | ७० | |

प्राप्त विवरणको विश्लेषण गर्दा कुल खर्च मध्ये ७० प्रतिशत खर्च तेस्रो चौमासिकमा भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **सेवा प्रवाह**<br><br>नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखीकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ । नगरपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ । | |

| क्र.सं. | विवरण | सेवा प्रासिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | नागरिकता सिफारिस | ५८५८ | ५८५८ | |
| २. | घरबाटो सिफारिस | ४८६५ | ४८६५ | |
| ३. | नाता प्रमाणित | २८४३ | २८४३ | |
| ४. | जन्म, मृत्यु दर्ता | ६४८७ | ६४८७ | |

पालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाई सबै सेवा प्रवाहको व्यवस्थित अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फिर्ता गरे नगरेकोआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम ४५ को उपनियम १ मा संघीय सञ्चित कोषवाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कुनै कारणवश सोही आर्थिक वर्षभित्र रकम फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । उपनियम २ बमोजिमको अवधिभित्र समेत रकम फिर्ता हुन नआएमा फिर्ता हुन नआएको रकम अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने समानिकरण अनुदान वा राजस्व बाडँफाडवाट कट्टा गर्नुपर्ने हुन्छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा देहाय अनुसारको अनुदान रकम खर्च गरी फिर्ता गर्ने बाँकी रहेको हुदा सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु

<table>
<tr><th>शिर्षक</th><th>फिर्ता गर्नुपर्ने</th><th>फिर्ता गरेको</th><th>नपुग</th><th>सञ्चित कोष</th></tr>
<tr><td>प्रदेश समपुरक</td><td>५००६०००</td><td>०</td><td>५००६०००</td><td>प्रदेश सञ्चित कोष</td></tr>
</table>

</td><td>५,००६,०००</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |
| १४ | | | **बजेट संशोधन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । तर, पालिकाले दोस्रो नगरसभावाट संशोधन गरेको तथा रकमान्तर गरेको रकमहरु सूत्रमा प्रविष्टि गरेको देखिएन । संशोधन गरेको कार्यक्रमहरु अद्यावधिक नगरी पहिला नै प्रविष्टि भएको कार्यक्रम तथा शीर्षकबाट दोस्रो नगरसभाबाट पारित योजनाहरुको खर्च गरेको हुँदा सम्बन्धित शीर्षकमा तोकिएको रकम वास्तविक रुपमा नै सभाबाट पारित भएको भनी यकिन गर्न सकिएन । सभावाट स्वीकृत कार्यक्रमहरु सोही कार्यक्रम तथा शीर्षकवाट खर्च लेख्ने र बजेटको सीमा ननाघी खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १५ | | | **लेखा ढाँचाको प्रयोग**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष गाउंपालिकाले उपर्युक्त ढाँचा अनुसारको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नभएको अवस्था देखियो। सम्पुर्ण अभिलेख गर्ने व्यवस्था हुनु पर्दछ</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कन्टेन्जेन्सी खर्च<br><br>स्थानी सरकार सञ्चालन ऐन २०७४ को दफा मा नगर सभाको स्विकृति बेगर कुनै रकम खर्च गर्न नमिल्ने व्यवस्था छ । नगरसभावाट स्विकृत भएको शिर्षक र कार्यक्रम मात्र कार्यपालिकाले खर्च गर्नुपर्ने हुन्छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा बजेटमा व्यवस्था भएको रकम सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने र अन्य प्रयोजनमा खर्च गरेमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउने उल्लेख छ । तर पालिकाले विभिन्न ६१ वटा योजनाको कन्टेन्जेन्सी वापतको रकम कट्टा गरी नगर सभा तथा कार्यपालिकाको स्विकृति बेगर चालु प्रकृतिको कार्यमा खर्च गरेको देखिन्छ । कन्टेन्जेन्सी रकम स्विकृत गराएर मात्र खर्च गराउने तर्फ ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>खरिद सम्झौताः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा पालिकाले देहाय अनुसार तेश्रो चौमासिकमा १३१ वटा को खरिद सम्झौता गरेको पाइयो । साथै असार महिना समेत ४ वटा सम्झौता गरेकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानुनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।
<table>
<tr><td rowspan="3">क्र सं</td><td rowspan="3">कार्यक्रमको नाम</td><td colspan="10">खरिद सम्झौता</td></tr>
<tr><td colspan="2">जम्मा</td><td colspan="2">प्रथम चौमासिक</td><td colspan="2">दोस्रो चौमासिक</td><td colspan="2">तेस्रो चौमासिक</td><td colspan="2">आषाढ महिनाको मात्र</td></tr>
<tr><td>सङ्ख्या</td><td>रकम</td><td>सङ्ख्या</td><td>रकम</td><td>सङ्ख्या</td><td>रकम</td><td>सङ्ख्या</td><td>रकम</td><td>सङ्ख्या</td><td>रकम</td></tr>
<tr><td>१</td><td>उपभोक्ता समिति</td><td>३३८</td><td>१६६६११.३८</td><td>१४</td><td>८५९३.८७</td><td>२१६</td><td>१०१६५३.६४</td><td>१०९</td><td>५६०५१.३८</td><td>२</td><td>३२२.५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>ठेक्का र कोटेशन समेत</td><td>४८</td><td>१४४११६.०७</td><td>०</td><td>०</td><td>२४</td><td>१२१०२८.३</td><td>२२</td><td>२१५९०.५८</td><td>२</td><td>१४९७७.१३</td></tr>
<tr><td>३</td><td>क्रमागत</td><td>६</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९२</td><td>३१०७२७.४५</td><td>१४</td><td>८५९३.८७</td><td>२४०</td><td>२२२६८१.९४</td><td>१३१</td><td>७७६४१.९६</td><td>४</td><td>१५२९९.६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष तर्फः</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>यस पालिकाले प्रकोप व्यवस्थापन कोषको नामबाट कोष खडा गरी कार्यविधि बनाइ कोभिड नियन्त्रणको कार्य सञ्चालन गरेको देखिन्छ । यस कोषमा अल्या सहित रु.३२,००,४३५।- आम्दानी भएकोमा रु.१५,३७,८०५।- खर्च भई रु.१६,६२,६३०।- मौज्दात रहेको देखिन्छ । कोषवाट कोभिड नियन्त्रणको कार्यमा भएको खर्चको उदाहरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र.सं.</th><th>शीर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>तलब भत्ता</td><td>२७२४५२</td></tr>
<tr><td>२</td><td>औषधि लगायत</td><td>७८५६५१</td></tr>
<tr><td>३</td><td>खाना खाजा</td><td>२९५९५०</td></tr>
<tr><td>४</td><td>अन्य</td><td>१८३७५२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५३७८०५</td></tr>
</table>
यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>पालिकाले कोभिड नियन्त्रणको लागि यस कोषवाट खरिद गरेको औषधि लगायत सामानहरुको छुट्टै अभिलेख राखेको देखिएन । यसवाट कोभिड नियन्त्रण कार्यमा वास्तविक रुपमा कति औषधि प्रयोग भएको भनी यथार्थ नदेखिने हुँदा कोभिड नियन्त्रणको लागि विनियोजित</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रकमबाट खरिद सामानको छुट्टै अभिलेख खाता राख्नुपर्ने देखिन्छ । | |
| १९ | | | **जिन्सी लगत र संरक्षण**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पुर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| २० | | | **जिन्सी निरीक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । | |
| २१ | | | **सवारी साधन मर्मत**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनैं मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पराउनु पर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरीएको कुरा सम्बन्धित प्रविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । सवारी साधन मर्मत खर्च रु २४,०६,६३२ खर्च भएकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने एकीन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालिना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>यन्त्र उपकरण सञ्चालन<br><br>पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>सामानको विवरण</th><th>इन्धन लागत</th><th>जनशक्ति लागत</th><th>मर्मत लागत</th><th>आय</th><th>खर्च</th><th>वचत</th></tr>
<tr><td>१</td><td>जे.सि.वि</td><td>४९५००</td><td>३६००५०</td><td>४२६१५२</td><td>०</td><td>०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कानून निर्माण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हाल सम्म १६ ऐन ४ नियमावली ६३ कार्यविधि र ८ निर्देशिकासमेत १०१ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष को २५ र यो बर्ष थप भएको ५३ गरी ७८ विवाद दर्ता भएकोमा ३७ वटा मात्र फछ्र्यौट भई ४१ बाँकी रहेका े देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २५ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. ३३९९९९१ खर्च गरेको छ । साथै पालिकाले वटै वडाहरुमा समेत विविध खर्च शीर्षकमा विनियोजन गरी खर्च गरेको पाइयो । यस्तो खर्च लेख्दा पुष्ठाई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २६ | | | **आर्थिक सहायता**<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी अन्य सहायता शीर्षकबाट विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ६,९४,५०० आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| २७ | | | **मसलन्द तथा कार्यालय सामाग्री खरिद**<br><br>सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री रु ५४,०९,४१३ को खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना तयार नगरी पटक पटक खरिद गरी टुक्रा पारी खरिद गरेको पाइयो । आगामी वर्षमा नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **तलब प्रतिवेदन पारित नगरेको**<br><br>निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिँदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचरीको आ.व. २०७८/७९ तलवी प्रतिवेदन नै पारित नगरी रु २२५३४२२८ तलब खर्च लेखेको पाइयो ।तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च एकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । | |
| २९ | | | **महंगी भत्ता**<br><br>करारमा कार्यरत कर्मचारीलाई महंगी भत्ता भुक्तानी गर्ने कानुनी व्यवस्था रहेको पाइदैंन । पालिकाले करारमा कार्यरत कर्मचारीलाई मासिक रुपमा महंगी भत्ता भुक्तानी गरी यस वर्ष रु. १३६८००० खर्च लेखेको छ । नियममा व्यवस्था नभएको महंगी भत्ता भुक्तानी गर्दा पालिकालाई थप व्ययभार पर्न जाने भएकोले भुक्तानी भएको रकम अनियमित देखिएको रु. | १,३६८,००० |
| ३० | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा जना कर्मचारीहरु करारमा राखि रु. १९३२५५४० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक इन्जिनियर १, सहायक पाचौं ४, अमिन २ र सहायक चौथो ६ गरी १८ जना करार नियुक्ति गरी बर्षभरीमा रु. भुक्तानी गरेको अनियमित देखिएको रु. | ६,०२७,४५० |
| ३१ | | | **अनुदानको अनुगमन**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **निजी लगानिका विद्यालयको छात्रवृत्ती**<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।<br><br>विद्यार्थी संख्या — निशुल्क शिक्षाका लागि आरक्षण संख्या<br>५०० जना सम्म — कम्तिमा १० प्रतिशत<br>५०० जना देखि ८०० जना सम्म — कम्तिमा १२ प्रतिशत<br>८०० जना भन्दा बढी — कम्तिमा १५ प्रतिशत | |
| ३३ | | | **विद्यालयगत निकासा रजिस्टर्ड**<br><br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । नगरपालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३५ | | | **धरौटीतर्फः** | |
| ३५.१ | | | नगरपालिकाको धरौटी खातामा गत वर्षको अ.ल्या. रु. १०३३१४८२ र यो वर्षको थप रु. १२२४६४४७ गरी जम्मा रु. २२५७७९३० प्राप्त गरेकोमा रु. ८९२९१८२ फिर्ता भई रु. १३६४८७४८ मौज्दात रहेको देखिन्छ । बैङ्क मौज्दात भिडान गर्दा रु. १४४५१८१२ अर्थात श्रेस्ता मौज्दात भन्दा रु. ८०३३३४ बढि मौज्दात रहेको हुँदा बैंक हिसाब मिलान हुनुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्- | |
| ३५.२ | | | धरौटीको व्यक्तिगत खाताः कार्यालयले अनुसूची ११ बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची १२ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले व्यक्तिगत धरौटी खाता राखेको पाइएन । धरौटी खाता नराख्दा धरौटी फिर्ता र बाँकीको अवस्था यकिन नहुने हुनाले नियमावलीमा व्यवस्था भए बमोजिम धरौटी खाता प्रयोगमा ल्याउनुपर्दछ । | |
| ३५.३ | | | धरौटी फिर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरिएको धरौटी रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने भन्ने व्यवस्था छ । कार्यालयले तपशिल बमोजिमका फर्महरूलाई कर समायोजन गरेको कागजात बेगर धरौटी रकम भुक्तानी गरेको हुँदा कर समायोजन गरेको प्रमाण कागजात पेश गर्नुपर्ने रु. | १,४१७,०७६ |

| सि नं | भौचर र मिति | निर्माण व्यवसायी | ठेक्काको नाम | रकम |
|---|---|---|---|---|
| १ | २६।०७८।५।८ | न्यु मन्सुरी निर्माण सेवा | कार्यालय र वरण्डा निर्माण | १९४११५ |
| २ | २७।०७८।५।९ | एस वि कन्स्ट्रक्सन | वर्थिङ सेन्टर सेड निर्माण र | १२५६०७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>दोभान जाने सडक स्तरोन्नती</td><td></td></tr>
<tr><td>३</td><td>२८।०७८।५।९</td><td>अरुणोदय निर्माण सेवा प्रा लि</td><td>सामुदायिक आवास निर्माण</td><td>१६९०४७</td></tr>
<tr><td>४</td><td>३०।०७८।५।९</td><td>न्यु सागर निर्माण सेवा</td><td></td><td>७००९६</td></tr>
<tr><td>५</td><td>६१।०७८।१०।२३</td><td>दिपक निर्माण सेवा</td><td>पिडारी नहरदेखि पश्चिम कुटी जाने बाटो समेत</td><td>२४३४०८</td></tr>
<tr><td>६</td><td>८७।०७९।१।१९</td><td>अरुणोदय निर्माण सेवा प्रा लि</td><td>पिडारी कुटी जाने बाटो</td><td>६१४८०३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१४१७०७६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
पेश्की फछ्र्यौट<br><br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की सम्बन्धि व्यवस्था छ । जस अनुसार सम्झौता अनुसारको पेश्की सम्झौतामा उल्लेखित समयमा फछ्र्यौट गरीसक्नु पर्दछ । पालिकाले देहाय अनुसारको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको हुदा पेश्की असुल फछ्र्यौट हुनुपर्ने पर्दछ ।
<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अशोक कन्स्ट्रक्सन</td><td>८७७८५९</td></tr>
<tr><td>२</td><td>अशोक कन्स्ट्रक्सन</td><td>५१८२१९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>जोया एण्ड ब्रदर्श कन्स्ट्रक्सन</td><td>९९०५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३८६५७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>म्याद समाप्त भएको पेश्की<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ अनुसार चालु वर्षको अन्तमा फछ्र्यौट गर्न बाँकी पेश्की फछ्र्यौट गरी सक्नुपर्ने छ । पालिकाले देहाय अनुसारको पेश्कीहरु म्याद समाप्त हुदा समेत फछ्र्यौट नगरेको हुदा पेश्की असुल फछ्र्यौट हुनुपर्ने रु<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>दोस्रो पिण्डेश्वर अर्ध्द महाकुम्भ मेला मूल आयोजक समारोह समिति</td><td>९०००००</td></tr>
<tr><td>२</td><td>बालसेवा आ वि</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>हनुमानझोका आ वि</td><td>१२००००</td></tr>
<tr><td>४</td><td>हुल्कु आ वि</td><td>१२००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३४००००</td></tr>
</table></td><td>१,०४०,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्रेश संयोजक तथा कानूनी सल्लाहकार<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) मा पदाधिकारीहरूको लागि स्वकीय सचिव, कानुनी सल्लाहकार र प्रेस परामर्शदाता राखी पारिश्रमिक दिने व्यवस्था छैन । पालिकाले एक जना कानुनी सल्लाहकार र एक जना प्रेस संयोजक नियुक्ती गरी क्रमशः मासिक रु. १८००० र रु. १५००० तथा चाडपर्व खर्च समेत रु। ४२९००० भुक्तानी गरेको छ । संयोजक नियुक्ती गर्दा स्पष्ट कार्य विवरण तयार नगरी सो को मुल्याङ्कन समेत नगरी भुक्तानी गरेको खर्च अनियमित देखिएको रु.</td><td>४२९,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३९ | | | **करुणा फाउण्डेशनतर्फः** | |
| ३९.१ | | | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि पालिका, प्रदेश सरकार र करूणा फाउण्डेसन नेपालबीच भएको सम्झौता अनुसार तेस्रो वर्षमा संचालित यस कार्यक्रममा करुणा फाउण्डेशनको प्राविधिक सहयोग रहने तथा कुल खर्च रकममध्ये पालिका र सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ ले आधा आधा रकम व्यहोर्ने व्यवस्था छ । पालिकाको ग २.७ (विविध कोष) खाताको विवरण अनुसार पालिकाले यस कार्यक्रमका लागि आम्दानी रकम रू. ४८,७४,९०६/- बाँधेको र सोमध्ये कुल खर्च रकम रू. ३६,३९,७४२/- गरी भई बाँकी मौज्दात रकम रू. १२,३५,१६३/- रहेको छ । अतः सम्झौता अनुसार तीन वटै पक्षबाट गरिने कार्यक्रमले कार्यक्रमको लक्ष्य र उद्देश्य पूरा भएको देखिदैंन । आगामी दिनमा कार्यक्रमको लक्ष्य र उद्देश्य प्राप्त हुने गरी कार्यक्रम संचालन गरी सम्झौताको कार्यान्वयन सम्बन्धित पक्षले गर्नुपर्दछ । | |
| ३९.२ | | | करुणा फाउण्डेशन कार्यक्रमबाट वितरण गरेको अपाङ्गता परिचयपत्र वितरण प्रगती विवरण अनुसार क वर्ग (रातो)- ९६ जना, ख वर्ग (निलो)- २३९ जना, ग वर्ग (पहेंलो)- १०७ जना र घ वर्ग (सेतो)- १६ जना गरी जम्मा ४५८ जना रहेको छ भने पालिकाले वितरण गरेको सामाजिक सुरक्षा भत्ता विवरण अनुसार पूर्ण अपाङ्गता (क वर्ग)- १६९ जना र अति अशक्त अपाङ्गता (ख वर्ग)- ४७४ जना गरी जम्मा ६४३ जना रहेको छ । पालिकाले तयार गरेको अपाङ्गता परिचपत्र प्रगति विवरणभन्दा पालिकाबाट भुक्तानी हुने गरेको सामाजिक सुरक्षा भत्ताको विवरणमा अपाङ्गता संख्या १८५ जना बढी देखिएकोले आगामी दिनमा पालिकाले यथार्थ संख्या एकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ । | |
| ३९.३ | | | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम (संचालन) निर्देशिका, २०७६ को दफा १३ मा स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको संख्या (तराई क्षेत्रमा ३०० जनासम्म अपाङ्गता भएका व्यक्तिहरूका लागि १ जनाका दरले सहजकर्ता राख्न सकिने) का आधारमा उनीहरूको घरदैलोमा सेवा प्रवाह गर्न पालिकाले सहजकर्ता नियुक्त गर्ने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको अपाङ्गता परिचयपत्र वितरण प्रगती विवरण अनुसार अपाङ्गता भएका व्यक्तिहरूको संख्या- ४५८ जना रहेकोमा सहजकर्ता संख्या २ जना हुनुपर्नेमा पालिकाले ६ जना सहजकर्ताहरूलाई मासिक रु. १८,०००/- का दरले १३ महिनाको तलब रकम रु. १४,०४,०००/- भुक्तानी गरेको छ । पालिकाले आगामी दिनमा निर्देशिकाले तोकेको मापदण्डलाई पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ । | |
| ४० | | | **कार्यसम्पन्न**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदानमा निकासा भएको रकम सम्वनिधत | २,६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विद्यलयले निर्माण कार्य सम्पन्न गरिसकेपछी निकासा दिएकोमा उक्त रकमवाट विद्यालनयले तोकिएको कामका खर्च गरी कार्य गरेको विवरण तथा प्रमाण कार्यसम्पन्न र अनुगमन प्रतिवेदन पेश नभएको रकम खर्च नभए फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>विषय</th><th>रकम</th></tr>
<tr><td>१</td><td>प्रकाश मा वि</td><td>आइ सि टि ल्याब</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>कोशी मा वि</td><td>ल्याब</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>जगन्नाथ डेडराज जनता मा वि</td><td>ल्याब</td><td>६५००००</td></tr>
<tr><td>४</td><td>प्रकाश मा वि</td><td>ल्याब</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२६०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ अनुसार नियमानुसार छनौट भएको लाभग्राहीहरुलाई सम्झौता पश्चात दुइ किस्तामा रकम दिइने र प्रथम किस्ता रु ३०००० दिनुपर्ने हुन्छ । दोस्रो किस्ताको लागी सम्बन्धित लाभग्राहीले कार्यसम्पन्न गरे पछि कार्यालयवाट खटाइएको प्राविधिकवाट नापजाच गरी अनूसुची २ बमोजिमको कार्यसम्पन्न बनाइ भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले हाल सम्म ३१४ वटा लाभग्राही सङ्ग सम्झौता गरेकोमा ३१२ जना लाभग्राहीले पहिलो किस्ता लगेको देखिन्छ । पहिलो किस्ता लगेको लाभग्राहीहरु मध्ये १८३ जनाले मात्र कार्यसम्पन्न गरेको संलग्न प्रमाणवाट देखिन आउछ । कार्यसम्पन्न हुन बाँकी १२९ जना लाभग्राहीको अनुसूची २ अनुसारको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु</td><td>३,८७०,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>ह्युम पाइप<br><br>४५।०७८।६।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्चको लेखा राख्दा खर्च पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाले बराह कंक्रिट्स उद्योगवाट खरिद गरेको रु ४७१२१० को ह्युमपाइप परिमाण खुल्ने गरी बाडेको भरपाई पेश हुनुपर्ने रु</td><td>७८०,७९३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>भौ. नं. र मिति</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr><tr><td>४८।०७८।६।२२ पुँजीगत</td><td>गोपाल तामाङ</td><td>१२००००</td></tr><tr><td>६९।०७८।७।१५ पुँजीगत</td><td>मनोरथ पोखरेल</td><td>९८७७१</td></tr><tr><td>७४।०७८।७।१५ पुँजीगत</td><td>पुण्य प्रसाद ढुङ्गेल</td><td>९८९९०</td></tr><tr><td>७५।०७८।७।१५ पुँजीगत</td><td>आशा खड्का</td><td>२९९०००</td></tr><tr><td>१०६।०७८।७।२८</td><td>लोकबहादुर भण्डारी</td><td>१६४०३२</td></tr><tr><td>जम्मा</td><td></td><td>७८०७९३</td></tr></table> | |
| ४३ | | | **भरपाइ पेश हुनुपर्ने**<br><br>४५।०७८।६।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्चको लेखा राख्दा खर्च पुष्टि गर्ने प्रमाण संलग्न राखुपर्ने व्यवस्था छ । पालिकाले बराह कंक्रिट्स उद्योगवाट खरिद गरेको रु ४७१२१० को ह्युमपाइप परिमाण खुल्ने गरी बाडेको भरपाई पेश हुनुपर्ने रु | ४२१,२१० |
| ४४ | | | **पाइप खरिद**<br><br>३५।०७८।६।२२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक नापचाँज र नापी किताबको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सार्वजनिक मर्मत सुधार शिर्षकमा इन्द्र स्टोरवाट खरिद गरेको विविध निर्माण सामान पाइप लगायतको प्रयोग देखिने नापि पेश नभएको हुदा प्रयोग भएको प्रमाण नापी किताब पेश हुनुपर्ने रु | ४२१,१२० |
| ४५ | | | **जुत्ता चप्पल तालिम**<br><br>३४०,३४१।०७८।११।१६ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यालयले स्विकृत | ४८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बजेट र सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रकाश सामुदायिक सिकाइ केन्द्र सङ्ग १५ जनालाई १५ दिनको लागी जुत्ता चप्पल तालिम संचालन गर्न रु २००००० सम्झौता गरेको देखिन्छ । उक्त संस्थाले १५ जनालाई प्रस्ताव र लागत अनुमानमा उल्लेख भएको भन्दा बढी ३० दिन तालिम दिएको भनी पालिकावाट रु ३५०००० भुक्तानी लिएको छ । तालिममा प्रयोग भएको मेशिनहरु पालिकालाई नै हस्तान्तरण गर्ने गरी तालिम सञ्चालन भएकोमा रु १२००० को दरले खरिद गरेको ४ वटा मेशिनको रु ४८००० दाखिला नगरेको हुदा सम्बन्धित वाट असुल गर्नुपर्ने रु । | |
| ४६ | | | **ट्युवेल मौज्दात**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको लेखा राख्दा खर्च पुष्टि गर्ने बिल बिजक तथा अन्य कागजात संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाले साना सिचाइको लागी ट्युवेल खरिद तथा वितरण कार्यक्रममा महामाया कन्स्ट्रक्सन सङ्ग रु ४४१२६५० मा ६२ वटा ट्युवेल खरिद गरेकोमा हाल सम्म ४२ वटा मात्र ट्युवेल वितरण गरेको प्रमाण पेश गरेको हुदा बाँकी २० वटा ट्युबेल वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु | १,४२३,४३५ |
| ४७ | | | **कृषि सामाग्री वितरण कार्यक्रम**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको पुष्टि गर्ने प्रमाण राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको कृषि सामान वितरण कार्यक्रममा लाभग्राही छनौट गर्दा कुनै मापदण्ड नबनाई निवेदनको आधारमा लाभग्राही छनौट गरेको देखिन्छ । भौचर साथ पेश भएको भरपाई लगायत प्रमाणमा कुनै लाभग्राहीको सम्पर्क नम्बर र ना. प्र. नं. उल्लेख नगरेको र त्यस्तो भरपाईमा वडा लगायत प्रतिनिधिको समेत हस्ताक्षर नभएको हुँदा वितरण भएको कृषि सामानहरु प्रयोग भएको नभएको पालिकावाट यकिन गरी सम्बन्धित लाभग्राहीले बुझेको भरपाई पेश हुनुपर्ने रु.<br><br>**भौचर र मिति** — **वितरण सामान** — **विवरण** — **रकम**<br>९५।०७८।७।२८ — पि पि के एग्रो ट्रेडर्सवाट सिडकिट खरि — ११००० थान — ४९९९५० | ४,३९६,२८३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९६।०७८।७।२८</td><td>श्री गणेश एग्रो टेडर्सवाट त<br>कारी बिउ खरिद</td><td></td><td>२९७९००</td></tr>
<tr><td>९७।०७८।७।२८</td><td>घासको बिउ</td><td></td><td>४९९९५०</td></tr>
<tr><td>४४१।०७८।१२।१४</td><td>बहुवर्षे घासको बिउ</td><td>कुशवाहा तरकारी तथा बिउ उत्पादन केन्द्र</td><td>३७३३५०</td></tr>
<tr><td>७१६।०७९।१।२१</td><td>स्प्रेयर वितरण</td><td>५३३ थान</td><td>९०३१३३</td></tr>
<tr><td>११८२।०७९।३।२४</td><td>बन्दना फलफूल नर्सरी वागवानी फर्मवाट लीची र आपको विरुवा खरिद</td><td></td><td>३१५०००</td></tr>
<tr><td>१०५८।०७९।३।१३</td><td>कुबेर एण्ड सन्स ट्रेड प्रा लि वाट च्याप कटर</td><td>५५ वटा</td><td>१५०७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४३९६२८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>विद्यालय कार्यसम्पन्न<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्राइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि</td><td>५,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देहायका विद्यालयलाई रु.१४४ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु......
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>बशन्तऋतु माध्यमिक विद्यालय</td><td>२ कोठे भवन</td><td>१८००००० </td></tr>
<tr><td>३</td><td>जनता माध्यमिक विद्यालय मधुवन</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५४०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td>४४८</td><td>२०७८-१२-१७</td><td>लागत अनुमान<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा जुनसुकै मालसामान खरिद गर्न अघि तोकिए अनुसारको लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । पालिकाले दिपिका एग्रो एण्ड ट्रेडर्सवाट रु ४९९९५० को सिडकिड खरिद गरेकोमा लागत अनुमान नबनाइ सोझै खरिद गरेको कार्य अनियमित देखिएको रु</td><td>४९९,९५०</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>ससकोशी बहुमुखी क्याम्पस<br><br>अनुदान रकम माग गर्दा संस्थागत अनुदान सम्बन्धि मापदण्ड २०७७ को बुँदा नं ६ को घ मा उपयोग गरिने प्रस्तावित कार्यक्रम क्षेत्र चौमासिक कार्यान्वयन कार्ययोजना लागत संस्थाको आन्तरिक स्रोतको अवस्था प्रस्तुत कार्यक्रममा परिचालन हुने आन्तरिक स्रोतको अशं प्रशासनिक खर्चको अशं अपेक्षित प्रतिफल आदि खुल्ने कार्यक्रम प्रस्ताव पेश गर्नुपर्ने उल्लेख साथै सोही मापदण्डको ६(छ) मा गत वर्षको समग्र वार्षिक कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । तर यस वर्ष पालिकाले ससकोशी बहुमुखी क्याम्पसलाई रु ३८००००० निकासा गरेकोमा उल्लेखित कागजात पेश गरेको पाइएन । सो रकमको सदुपयोग भए नभएको अनुगमन प्रतिवेदन तथा प्राविधिक नापजाँच सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु</td><td>३,८००,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सुपरिवेक्षण सेवा</td><td>४५५,८८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा कार्यालयको जनशक्तिवाट कुनै काम हुन नसकेमा वा कार्यालय आफैले कुनै काम गर्न नसकेमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले प्रकाश मा वि भवन निर्माण सम्बन्धमा त्यस्को सुपरिवेक्षण कार्य को लागी क्रिएटिभ इन्जिनियरिङ कन्सल्टेन्सी सङ्ग सम्झौता गरी मासिक रु ३७९९० को दरले यस आर्थिक वर्षमा रु ४५५८८० भुक्तानी गरेको छ । क्रिएटिभ इन्जिनियरिङ कन्सल्टेन्सीले सामान्य पत्र र फोटो पेश गरेको आधारमा मात्र भुक्तानी लिएको देखिन्छ । पालिकाले योजनाको अनुगमन गर्न निर्वाचित पदाधिकारीहरुलाई नियमित भत्ता उपलब्ध गराउने साथै प्राविधिकहरु वाट नापचाजँ गराइ रहेकोमा उक्त योजनाको लागी छुटै सुपरिवेक्षक राखेको नियमसम्मत नदेखिएको रु</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>नन्फाइलर<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायको फर्मलाई भुक्तानी गरेकोमा कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानुनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>फर्मको नाम</th><th>पान नं.</th><th>बिजक नं</th><th>मु. अ . कर</th><th>कैफियत<br>(Non-filer since)</th></tr>
<tr><td>माँ विन्दबासिनी कन्स्ट्रक्सन प्रा लि</td><td>६०४३७३४१४</td><td>३५-०७९/३/२४</td><td>१०४४००</td><td>2078। M । 10</td></tr>
<tr><td>बानिया त्रिवेणी लाफा जेभी</td><td>६१४०५६७१०</td><td>०१७-०७९/३/२४</td><td>६०२३३१</td><td>2077। 78</td></tr>
<tr><td>बानिया त्रिवेणी लाफा जेभी</td><td>६१४०५६७१०</td><td>०१६-०७९/३/२१</td><td>३१००९१</td><td>2077। 78</td></tr>
<tr><td>बानिया त्रिवेणी लाफा जेभी</td><td>६१४०५६७१०</td><td>०१५-०७९/१/१६</td><td>२७४३७९</td><td>2077। 78</td></tr>
<tr><td>बानिया त्रिवेणी लाफा जेभी</td><td>६१४०५६७१०</td><td>००६-०७८/१२/१०</td><td>२११२२७</td><td>2077। 78</td></tr>
</table></td><td>१,९६८,२७२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अशोक कन्स्ट्रक्सन</td><td>६१०८१९७०६</td><td>०७-०७८/१२/१३</td><td>३१६५७८</td><td>2078। M । 9</td></tr>
<tr><td>अशोक कन्स्ट्रक्सन</td><td>६१०८१९७०६</td><td>१६०-०७८/११/१५</td><td>१४९२६६</td><td>2078। M । 9</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१९६८२७२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td>७२</td><td>२०७८-६-१४</td><td>
चाड पर्व खर्च<br><br>
निजामती सेवा नियमावली २०५० को नियम २५० मा निजामती कर्मचारीले पाउने एक महिनाको तलव बराबरको चार्डपर्व खर्च प्रत्येक वर्ष पाउने व्यवस्था छ । पालिकाले निम्न कर्मचारीलाई यस वर्ष चाडपर्व खर्च भुक्तानी गर्दा मासिक तलब भन्दा बढी रकम भुक्तानी गरेको पाइएकोले सम्बन्धित कर्मचारीबाट असूल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>कर्मचारीको नाम</th><th>शुरु तलव स्केल</th><th>चाडपर्व भुक्तानी</th><th>बढी भुक्तानी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td rowspan="9">७२-०७८/६/१४</td><td>मात्रिका तिवारी</td><td>३७९९०</td><td>३९९९०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>सुरज खड्का</td><td>३७९९०</td><td>३९९९०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>उत्तमराज भारती</td><td>३७९९०</td><td>३९९९०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>पंकज कुमार राम</td><td>३०२००</td><td>३२२००</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>सविता लम्साल</td><td>३०२००</td><td>३२२००</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>सिता बास्कोटा</td><td>३०२००</td><td>३२२००</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>रुविना पाण्डे</td><td>३०२००</td><td>३२२००</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>विवेक अग्रहरी</td><td>३०२००</td><td>३२२००</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>स्वस्तिका धमला</td><td>३०२००</td><td>३२२००</td><td>२०००</td><td>१९८०</td></tr>
</table>
</td><td>३५,६४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>पदमा भट्टराई</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>पार्वत वमेन</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>मनोज पौडेल</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>आसा खड्का</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>दिनेश कुमार खड्का</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>प्रमोद कुमार साह</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>प्रकास राई</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>भोजराज रिजाल</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td></td><td>इसा तामाङ्ग</td><td>२८६१०</td><td>३०६१०</td><td>२०००</td><td>१९८०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३५६४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>शीर्षक परिवर्तन गरी खरिदः<br><br>अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम (संचालन) निर्देशिका, २०७६ को दफा १७ (ङ) मा गर्भवती महिलाका लागि फोलिक एसिड चक्कि वितरण कार्यक्रम रहेको छ । पालिकाले उक्त कार्यक्रमका लागि वजेट रकम रु. ७ लाख विनियोजन गरेकोमा मिति २०७९।०३।०२ गते कार्यालय प्रमुखको निर्णयले सोझै खरिदमार्फत रु. ४,९९,९९४/- को ८६२०६ वटा Calcium-500 mg tab खरिद गरेको पाइयो । पालिकाले कार्यक्रमको लक्ष्य, उद्देश्य र मुख्य क्रियाकलापहरू प्राप्त नहुने गरी गरेको खर्च नियमसम्मत देखिएन ।</td><td>४९९,९९४</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बेकफिलिङ<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले जुनसुकै निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत</td><td>५२,४१२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुमान बनाउनुपर्ने हुन्छ । पालिकाले देहाय अनुसारको उपभोक्ता समिति मार्फत सञ्चालन भएको योजनाहरुमा माटो खन्ने र पुर्ने दुवै काम भएको अवस्थामा माटो खनी निक्लेको माटोको परिमाण नघटाइ १० कि मि वाट माटो ढुवानी गरी ल्याएको देखाइ बेकफिलिङको सोही दर राखी लागत अनुमान बनाएको छ । जस वाट माटो पुर्ने काम १० मिटरको दुरी सम्मको रेट प्रति क्यु मि रु १५४ को ठाउमा हुनुपर्नेमा देहाय अनुसार बढी भएको हुदा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिवाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | |

| योजना | माटो खनी निक्लेको परिमाण | बेकफिलिङको परिमाण | हुनुपर्ने दर | भएको | बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| जलुवाधार तिनघरे बाटो ग्राभेल | ५०९ | २३४ | १५४ | ६७६ | ५२२ | १२२१४ |
| बेलाहा खोला मर्मत | ३३२ | १०१ | १५४ | ५५२ | ३९८ | ४०१९८ |
| जम्मा | | | | | | ५२४१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **जटिल प्राविधिक कार्य** सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ (९) मा जटिल प्राविधिक संरचना भएको काम उपभोक्ता समितिलाई दिन नहुने व्यवस्था छ । साथै श्रमको उपयोग हुने रोजगार सृजना हुने योजनाहरु मात्र उपभोक्ता समितिवाट संचालन गर्नुपर्दछ । पालिकाले ठुला भवन निर्माण तथा बाटो कालोपत्रे गर्ने जस्ता जटिल प्राविधि पक्ष समावेश भएको काम समेत उपभोक्ता समितिवाट गराएको देखिन्छ । आगामी दिनमा जटिल प्राविधि पक्ष समावेश भएको योजनाहरु गुणस्तरीय रुपमा प्रतिस्पर्धाको आधारमा निर्माण व्यवसायीवाट गराउने र श्रममुलक योजना मात्र उपभोक्ता समितिवाट सञ्चालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>बढी दर भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा निर्माण कार्यको लाग अनुमान बनाउनुपर्ने व्यवस्था छ । पालिकाले पश्चिम पिपलगाछी काली मन्दिर बाटो निर्माण कार्यमा मेशिनको प्रयोग गरेको तर लागत अनुमानमा मानिसद्वारा माटो खनेको दर राखेको हुदा प्रति क्यु मि रु ३५८ ले फरक पर्न गइ जम्मा काम २८८ क्यु मि को रु १०३१०४ बढी लागत अनुमान बनाइ उपभोक्ता समितिलाई भुक्तानी भएको हुदा बढी भुक्तानी भएको रकम उपभोक्ता समितिवाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>१०३,१०४</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>ट्याक कोटको बढी भुक्तानी<br><br>सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSEको पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले देहायका निर्माण व्यवसायी लाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत १.२२ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति वर्ग मिटर ०.६२ के जी बढी हुने गरी भुक्तानी दिएको छ ।जिल्ला दररेट अनुसार रु ९३ प्रति लिटरको दरले प्रति वर्ग मिटर ट्याक कोट मा रु ५६.९६ को दरले जम्मा रु.६७६४५६को बढी लागत अनुमान बन्न गएको अनियमित देखिएको रु.
<table>
<tr><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>ट्याक कोट</th><th>बढी भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>महेन्द्रगेट राजावास भोक्राहा सिमाना सम्म कालोपत्रे</td><td>अरुणोदय निर्माण सेवा</td><td>५९११</td><td>५६.९६</td><td>३३६६९०</td></tr>
<tr><td>राजावास शिकारीथान सडक स्तरोन्नति</td><td>अब्दुल्लाह विल्डर्स प्रा लि</td><td>२१५०</td><td>५६.९६</td><td>१२२४६४</td></tr>
<tr><td>प्रकाशपुर दाजुभाइ चोक सडक कालोपत्रे</td><td>चक्र निर्माण सेवा</td><td>१८१५</td><td>५६.९६</td><td>१०३३८२</td></tr>
<tr><td>सुनसान चौक देखि धिमाल चौक जाने बाटो कालोपत्रे</td><td>चक्र भारद्वाज आचार्य जे भी</td><td>२०००</td><td>५६.९६</td><td>११३९२०</td></tr>
</table></td><td>६७६,६५६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६७६४५६</td></tr></table></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>स्विकृत भन्दा बढी दर भुक्तानी<br><br>६१७।०७९।१।६ पालिकाले बराहक्षेत्र नगर अस्पताल निर्माणको लागी उपभोक्ता समिति सङ्ग लागत अनुमान रु २४२८९५६ को बनाइ सम्झौता गरेको देखिन्छ । रङ्गिन टाइलको काम सिमेन्ट सेन्ड मोर्टर १:४ को दररेट विश्लेषणमा रु २३९९ कायम भएकोमार लागत अनुमानमा रु २५०३ राखिएको कारणले प्रति वर्ग मिटर रु १०४ ले बढी लागत अनुमान बन्न गइ जम्मा काम भएको ४३६ को रु ४५३४४ बढी भुक्तानी भएको हुदा सम्बन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु</td><td>४५,३४४</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सम्झौता भएको ठेक्काहरुमा ट्याक कोट<br><br>सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSEको पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले लागत अनुमान बनाउदा सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत १.२२ प्रति लिटरका दरले लागत अनुमान बनाएको देखियो । पालिकाले प्रति वर्ग मिटर ०.६२ के जी बढी हुने गरी दररेट विश्लेषण गरेको छ ।जिल्ला दररेट अनुसार रु ९३ प्रति लिटरको दरले प्रति वर्ग मिटर ट्याक कोट मा रु ५६.९६ को दरले जम्मा रु.१७८१९८२ को बढी लागत अनुमान बनाएको देखिएको रु
<table>
<tr><th>योजना</th><th>ट्याक कोट</th><th>बढी</th><th>जम्मा</th></tr>
<tr><td>दुब्याइ देखि नहर जोड्ने बाटो चेनेच १+४४२ देखि २+१४२ सम्म</td><td>३५००</td><td>५६.९६</td><td>१९९३६०</td></tr>
<tr><td>जागृति चौक हुदै रेल्वे १३ आर डि सोमबारे सम्म सडक</td><td>१११६०</td><td>५६.९६</td><td>६३५६७३</td></tr>
<tr><td>दुब्याइ देखि नहर जोड्ने बाटो चेनेच ०+००० देखि १+४४२ सम्म</td><td>७२१०</td><td>५६.९६</td><td>४१०६८१</td></tr>
<tr><td>खुन टोल देखि पुलाहा जाने बाटो</td><td>१७६०</td><td>५६.९६</td><td>१००२४०</td></tr>
</table></td><td>१,७८१,९८२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| **जागृति चौक हुदै रेल्वे आर डि सोमबारे सम्म सडक दोस्रो** | **५३२५** | ५६.९६ | **३०३३१२** |
| **शिकारीथानवाट विमिरागाछी जाने बाटो कालोपत्रे** | **२३३०** | ५६.९६ | **१३२७१६** |
| **जम्मा** | | | **१७८१९८२** |

</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>

**मूल्य अभिवृद्धि करः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका सेवा तथा वस्तु र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको वस्तु तथा सेवा बाहेकका वस्तुमा मु.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट भएको ठेक्का बन्दोबस्ती मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैंन । तसर्थ पालिकाले तपसिलका आय ठेक्कामा सम्झौता रकमको १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर संघीय राजस्वमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | ठेक्काको नाम | सम्झौता रकम रु. | १३ प्रतिशत मुल्य अभिवृद्धि कर |
|---|---|---|---|
| १ | वडा नं. ११ स्थित आइतबारे, विहिबारे र गुद्री सहितको वार्षिक ठेक्का | १,५२,७०९/- | १९८५३ |
| २ | वडा नं. ९ र १० स्थित राजावास तारघाटको वार्षिक ठेक्का | ३६४५०० | ४७३८५ |
| ३ | वडा नं. ३ र ७ स्थित मवेशी चौपाया हाट (बाङ्गे बजार) को वार्षिक ठेक्का | ४२७५००० | ५५५७५० |
| ४ | वडा नं. ६ र ७ स्थित सिसौली तारघाटको वार्षिक ठेक्का | २२७७०० | २९६०१ |
| ५ | वडा नं. ६ र ७ स्थित सासाहित हाटबजारको वार्षिक ठेक्का | ३५०००० | ४५५०० |

</td><td>८५४,१९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>वडा नं. १ र २ को हटिया तथा पशु (बाख्रा तथा बंगुर) को वार्षिक ठेक्का</td><td>१८०९००</td><td>२३५१७</td></tr>
<tr><td>७</td><td>वडा नं. १ र २ को काठबास बिक्रि वापत</td><td>१३७७००</td><td>१७९०१</td></tr>
<tr><td>८</td><td>वडा नं. ९ र १० स्थित हाटबजार करको वार्षिक ठेक्का</td><td>१३६५४०</td><td>१७७५१</td></tr>
<tr><td>९</td><td>वडा नं. ३, ४ र ५ स्थित मंगलबारे र शनिबारे साप्ताहिक हटियाको वार्षिक ठेक्का</td><td>१६९१३०</td><td>२१९८७</td></tr>
<tr><td>१०</td><td>पालिका क्षेत्र भरीको कवाडी वार्षिक ठेक्का</td><td>९६३००</td><td>१२५१९</td></tr>
<tr><td>११</td><td>कोशी टप्पु क्षेत्रमा कांजी हाउस संचालनको वार्षिक ठेक्का</td><td>३६९०५</td><td>४७९८</td></tr>
<tr><td>१२</td><td>विज्ञापन करको वार्षिक ठेक्का</td><td>११५०००</td><td>१४९५०</td></tr>
<tr><td>१३</td><td>वडा नं. ११ स्थित मवेशी चौपाया हाटको वार्षिक ठेक्का</td><td>२५०३००</td><td>३२५३९</td></tr>
<tr><td>१४</td><td>वडा नं. ११ स्थित व्यवसायिक सटर कोठा भाडाको वार्षिक ठेक्का</td><td>७८०००</td><td>१०१४०</td></tr>
<tr><td colspan="3">जम्मा रु.</td><td>८५४१९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>राजश्व रकम फिर्ताः<br><br>पालिकाले आ.व. २०७७/७८ मा आन्तरिक राजस्वतर्फ हाटबजार ठेक्काहरु लगाएकोमा कोभिड १९ को कारण लकडाउन भएकोले हाटबजार संचालनमा नआएकोले राजस्व संकलन गर्न नसकेको हुँदा राजस्व छुट गरी रकम फिर्तामा लागि माग गरेकोमा मिति २०७८।०३।०७ गतेको कार्यपालिकाको निर्णयानुसार तपसिल बमोजिमका ठेक्काहरूमा राजस्व रकम रु. १३,७३,४६४/- फिर्ता गरेको पाइयो ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>ठेक्काको विवरण</td><td>फर्मको नाम</td><td>फिर्ता गरिएको रकम रु.</td></tr>
<tr><td>१</td><td><u>ठेक्का नं. ९</u> साविक बराहक्षेत्र गा.वि.स. हाल बराहक्षेत्र न.पा. वडा नं. १ र २ को हटिया तथा पशुको वार्षिक ठेक्का</td><td>ॐ श्री निर्माण सेवा</td><td>३८१७२</td></tr>
<tr><td>२</td><td>ठेक्का नं. ११ साविक भरौल गा.वि.स. हाल बराहक्षेत्र न.पा. वडा नं. ३,४ र ५ मंगलबारे र शनिवारे साप्ताहिक हटियाको वार्षिक ठेक्का</td><td>रेनेशा ट्रेड एण्ड सप्लायर्स</td><td>६५४२३</td></tr>
<tr><td>३</td><td>ठेक्का नं. ६ साविक महेन्द्रनगर गा.वि.स. हाल बराहक्षेत्र न.पा. वडा नं. ३ र ७ मवेशी चौपाय हाटको वार्षिक ठेक्का</td><td>भट्टराई एण्ड सन्स कन्स्ट्रक्सन</td><td>१२,६९,८६९</td></tr>
<tr><td></td><td>जम्मा रु.</td><td></td><td>१३,७३,४६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>सामाजिक सुरक्षा तथा संरक्षण(३१४०१०१२३) तर्फः</td><td></td></tr>
<tr><td>६३.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा नगरपालिका र मितेरी विकास बैंक, शाखाकार्यालय, चतरा, कालाबन्जर र प्रकाशपुरबीच मिति २०७७।०६।०४ मा र सिटिजन्स बैंक, शाखा कार्यालय, चक्रघट्टी र लौकही बीच मिति २०७७।०५।२५ मा द्विपक्षीय सम्झौता भई पालिकाको वडा नं.१ र २ को चतरा शाखा, वडा नं.३, ४ र ५ को कालाबन्जरा शाखा, वडा नं.६, ७ र ८ को चक्रघट्टी शाखा, वडा ९ र १० को प्रकाशपुर र वडा ११ को लौकही शाखाबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ ।</td><td></td></tr>
<tr><td>६३.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.३४,९६,९४,२३२/- प्राप्त भएकोमा रु.३३,०५,५९,०३२।- रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६३.३ | | | पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ । | |

| क्र. सं. | विवरण | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | रकम |
| १ | जेष्ठ नागरिक | ४७५० | ५६३६१३७४ | ४७८० | ५६९१२०६३ | ४८३४ | ५७४५११४३ | ४९१७ | | |
| २ | जेष्ठ नागरिक दलित | ४४० | ३४३७०५३ | ४४२ | ३४७५०५२ | ४५१ | ३५४७६१४ | ४४७ | ६९६४४८६३ | |
| ३ | जेष्ठ नागरिक एकल महिला | ११५१ | ९११८१४७ | ११२१ | ८९१६४०९ | ११२२ | ८९२४३०० | ११३२ | | |
| ४ | विधवा | १४०० | ११००५३३४ | १४१८ | १११९६८०० | १४२४ | ११२३५८४० | १४२० | | |
| ५ | पूर्ण अपाङ्ग | १८५ | २१७८८०६ | १८७ | २२२६४२० | १९० | २२३४९५० | १८९ | | |
| ६ | अतिअसक्त अपाङ्ग | ४६७ | २८३४२३० | ४८३ | ३०३७७९१ | ५०४ | ३१६२२०८ | ५१८ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>वालपोषण दलित</td><td>८३६</td><td>१२२९३९८</td><td>८०८</td><td>१२१४९११</td><td>७९१</td><td>१२१२५२६</td><td>७८८</td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>९२२९</td><td>८६१६४३४२</td><td>९२३९</td><td>८६९८१२४६</td><td>९३१६</td><td>८७७६८५८१</td><td>९४११</td><td>६९६४४८६३</td><td>३३०५५९०३२</td></tr>
</table>
नगरपालिकाले चौथो त्रैमासिक निकासा दिँदा प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा बैंकलाई निकासा दिएको रकमको हिसाब माग गरी बैंकबाट बितरण नभएको बैंकमा मौज्दात रहेको रकम रु.१,९१,८५,२१४।-मा थप रु.६,९६,४४,८६३।–सहित रु. ८८८३००५०।- निकासा दिएको छ । निकासा भएको रकममध्ये वितरण हुन बाँकी बैंकमा मौज्दात रहेको रु.६४,२८,५४२।- मिति २०७९।०६।१२ मा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको छ ।</td><td></td></tr>
<tr><td>६३.४</td><td></td><td></td><td>एम.आई.एस विवरण :- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगत र अघिल्लो चौमासिकको हिसाब मिलानको प्रतिवेदनको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रकम निकासा/माग गर्ने व्यवस्था छ । पालिकाको प्राप्त एम.आई.एस मूल अभिलेखको नमुना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, अघिल्लो त्रैमासिकको हिसाब मिलान नगरी निकासा माग गरेको देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेर तथा अघिल्लो त्रैमासिकको हिसाब मिलान गरेर मात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६३.५</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम.आई.एस. लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं. ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हिसाब फरफराक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ ।<br><br>निस्कृय खाताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । पालिकाले यस आ.व.मा ५(पाँच) वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा बैंकबाट प्राप्त नभएको भनी पालिकाबाट प्राप्त भएन । यसर्थ बैंकमा रहेको खातामध्ये निस्क्रिय खातामा के कति रकम रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यविधिमा उल्लेखित व्यवस्था र पालिका र बैंकबीच भएको सम्झौताका शर्तहरुको पूर्ण पालना गर्ने र लागू गर्नेतर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ साथै निस्क्रिय खाता एकीन गरी सो खातामा रहेको रकम संघीय संचित कोषमा दाखिला हुनुपर्दछ । | |
| ६४ | | | **स्वास्थ्य तर्फः** | |
| ६४.१ | | | औषधि खरिद - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शीर्षकबाट औषधि र औषधिजन्य उपकरण खरिद गर्नका लागि फर्महरुबाट दररेट माग गरी तीनवटा फर्महरुले उपलब्ध गराएको दररेटको कुल जम्माको औषत निकाली त्यसको बीस प्रतिशत घटाई विभिन्न ८५ प्रकारका औषधि तथा औषधिजन्य सर्जिकल सामग्रीहरुको रु.४७,४०,५५२।-लागत अनुमान तयार गरी ई-विडिङ्ग मार्फत कबोल गर्ने तीनवटा फर्महरुमध्ये सबैभन्दा कम कबोल गर्ने सेती देवी मेडिसिन सप्लायर्स(६०२५९५७८६) सँग रु.१७,३७,३९०।–(लागत अनुमान भन्दा ६३।३५ प्रतिशत कम)मा सम्झौता गरी निर्धारित समयभित्रै औषधि आपूर्ति गरेबापत सेतीदेवी मेडिसिन सप्लायर्सलाई रु.१७,३७,३९०।- भुक्तानी दिएको छ । | |
| ६४.२ | | | पालिका र सेती देवी मेडिसिन सप्लायर्स(६०२५९५७८६) सँग रु.१७,३७,३९०।– मा सम्झौता भएकोमा सम्झौता अनुसारको औषधि आपूर्ति गरेबापत रु.१७,४४,२००।- भुक्तानी भएकोले सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु. | ६,८१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.३ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा वार्षिक खरिद योजना तयार गर्नुपर्ने र दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा वनाई खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले आयुर्वेदिक औषधि, औषधि तथा औषधिजन्य सर्जिकल सामग्रीहरु पटक पटक खरिद गरी भुक्तानी गर्दा उक्त प्रावधानको पालना गरेको देखिएन । लेखापरीक्षणको क्रममा नमुनाका आधारमा छनौट गरी हेरिएको देहाय अनुसारको रु.१६,४१,१२२।- को खरिद गर्दा सप्लायर्ससंग सोझै खरिद वा हाते कोटेशन लिई खरिद गरेको देखियो । यसबाट उल्लेखित किसिमको खरिद गर्न खरिद योजना नवनाएको र टुक्रा गरी सुविधाका आधारमा खरिद गरेको देखिन्छ । कानुनको प्रावधान पालना हुने गरी खरिद योजनामा समावेश गरी प्रतिस्पर्धी विधिवाट खरिद गर्नु पर्दछ । | |

| भौ.नं./ मिति | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १२३-०७८।११।२० | प्रकृति आयुर्वेद सप्पायर्स(६०८२४५०९२) | ४८०००० | म्याद सकिने मिति उल्लेख नगरेको |
| १६३-०७८।१२।१ | होम्ताङ्ग आयुर्वेद औषधालय(६०५६५२७३२) | १०९९६५ | " |
| १६६-०७८।१२।१३ | श्री सिद्धि साई सर्जिकल एण्ड केमिकल सेन्टर(३०३३९५७७१) | ७०३१४ | " |
| १९०/५९६-०७९।१।५ | काव्य आयुर्वेद फर्मा(६०८५८५४८२) | ३९१००० | " |
| १९१-०७९।१।५ | होम्ताङ्ग आयुर्वेद औषधालय(६०५६५२७३२) | २५००० | " |
| २१५-०७९।१।२१ | होम्ताङ्ग आयुर्वेद औषधालय(६०५६५२७३२) | ६८००० | " |
| २५०-०७९।२।२० | डालिमा मेडिसेल्स | ४९६८४३ | " |
| | जम्मा | १६४११२२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६४.४ | | | पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । पालिकाले आपूर्ति भएका औषधि तथा औषधिजन्य सामग्रीहरु सम्झौतामा उल्लेखित गुणस्तर, परिमाण र म्याद भए नभएको सम्बन्धमा परीक्षण नगरेको र बिल तथा जिन्सी दाखिला प्रतिवेदनमा पनि म्याद सकिने मिति उल्लेख नभएकोले तोकिएको मापदण्ड अनुसारको औषधि तथा औषधिजन्य सामग्री आपूर्ति भए नभएको यकिन गर्न सकिएन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| ६४.५ | | | न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले गत वर्ष खरिद गरेको ५५५ थान र अघिल्लो आ.व.को १३७ अल्या गरेको सहित ६९२ थान रहेको मध्ये पालिका अन्तर्गतका ४(चार) वटा बर्थिङ सेन्टरमा गत वर्ष २०३ जना र यस वर्ष ३०२ जना र गरी ५०५ मात्र प्रसुति भएको आमाहरुलाई बितरण गरी हाल पालिकाको भण्डारमा १८७ थान न्यानो झोला मौज्दातमा रहेको पालिकाले पेश गरेको विवरणबाट देखिएको छ । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६४.६ | | | बिल भरपाई बेगरको खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट गरेको खर्चको बिलभरपाई नभएकोले खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा संघीय संचितकोष दाखिला हुनुपर्ने रु. | ३,९२६,७०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं./मिति</td><td>विवरण</td><td>खर्च रकम</td></tr>
<tr><td>७३-०७८।९।८</td><td>पोषण कार्यक्रम खर्च</td><td>१२००००</td></tr>
<tr><td>७३-०७८।९।८</td><td>महिला स्वयंसेविकको पोशाक तथा यातायात खर्च</td><td>१५०००००</td></tr>
<tr><td>२६७-०७९।२।२४</td><td>महिला स्वयंसेविकाको यातायात खर्च</td><td>१८०००००</td></tr>
<tr><td>२८२-०७९।२।३०</td><td>महिला स्वयंसेविकाको यातायात खर्च</td><td>१२००००</td></tr>
<tr><td>३७५-०७९।३।१३</td><td>५ वटा स्वास्थ्य चौकीलाई नाइट तथा जोखिम भत्ता वितरण खर्च</td><td>३८६७००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९२६७००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>गत वर्षको भुक्तानी<br><br>आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेमा व्यहोर्नु पर्ने उचित कारण र आधार भएमा सम्बन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले आ.व. २०७७/७८ कानूनी सल्लाहकारलाई २०७८ असार महिनाको तलब रु ३३००० तथा नगर प्रहरी र दमक चालकको रासन भत्ता रु ४०००० भुक्तानी गर्दा नियमानुसार राखु पर्ने भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित नगराई भुक्तानी भएको छ । जसले गर्दा भुक्तानी दिन बाँकीको विवरण एकीन गर्न नसकिने हुँदा आगामी दिनमा यस्तो भुक्तानी दिंला नियमको पालना गरी भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई भुक्तानी दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्ड<br><br>प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय प्रयोजन)</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मा रु. ६२,३९,९९९ खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ६७ | | | **अन्य भाडा**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम, ३९(१०) मा सरकारी रकम खर्च गर्दन खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गारई राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले अन्य भाडा शर्षकबाट यस वर्ष विभिन्न समयमा गाडी भाडामा विभिन्न व्यक्ती तथा संस्थालाई रु २,८९,२६३ भुक्तानी लेखेको छ । कार्यालयले गाडी भाडामा लिंदा सम्झौता नगरी भाडामा लिने गरेको, लिनुको प्रयोजन नखुलेको तथा प्रयोग गरेको अवधि खुल्ने गरी सवारी लकबुक राखेको पाइएन । जसले गर्दा कुन कार्यकोलागि कस्ले कुन समयसम्म प्रयोग गरेको हो एकीन गर्न सकिएन । आगामी दिनमा आवश्यकताको आधारमा गाडी भाडा लिई सवारी प्रयोगको लकबुक राखि कार्यालयको खर्चमा मितव्ययिता गर्नु पर्दछ । | |
| ६८ | | | **काटिएका रुखको घाटगद्दी**<br><br>नगरपालिकाको परिसर भित्र रहेको रुख कटानको लागि डिभिजन वन कार्यालयलाई अनुरोध गरेकोमा वन कार्यालको २०७९।३।१३ चलानी नं २४५७ को पत्रानुसार पालिका कार्यालय परिसरभित्र ७ वटा सुकेका सालका रुख कटान गरी कटान मुछान भई उत्पादन भएका काठदाउरा श्री शसस्त्र वन सुरक्षा पोष्ट चक्रघट्टी कम्पाउण्ड भित्र घाटगद्दी गरी हस्तान्तरण गर्ने गरी पत्र प्राप्त भएको छ। सोही अनुसार कार्यालय परिषरमा रहेका ७ वटा रुख कटान भएकोमा लेखापरीक्षणको समयमा समेत वन कार्याललाई घाटगद्दी नगरी कटान गरेको स्थानमा नै रहेको पाइएकोले नियमानुसार घाटगद्दी गरी कटान भएको काठको सही व्यवस्थापन गर्नुपर्दछ । | |
| ६९ | | | **भ्रमण अभिलेख तथा प्रतिबेदन**<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| ७० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः** | |
| ७०.१ | | | स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामध्ये वडा नं. ८ बाहेक १० वडामा २०२ योजना सञ्चालन गरी यस वर्ष १६३ जनालाई औसत ८५.१९ दिनले १३८८६ दिन रोजगारी उपलव्ध गराई रु.८०,१२,२२२।– श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । | |
| ७०.२ | | | पालिकाले विभिन्न २०२ वटा योजना सञ्चालन गरी भुक्तानी दिँदा उक्त कामको कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी भुक्तानी दिनुपर्नेमा नापी किताबको आधारमा दिएको देखिएकोले कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी भुक्तानी दिनुपर्दछ । | |
| ७१ | | | **पशु औषधि**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा प्रतिस्पर्धालाई सिमित पार्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।साथै एक आर्थिक वर्षमा एउटै फर्म सङ्ग एक भन्दा बढी पटक खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले देहायको पशु औषधिहरु टुक्रा टुक्रा पारी पटक पटक खरिद गरेको हुदा माग र आवश्यकताको आधारमा वार्षिक रुपमा आवश्यक औषधि प्रतिस्पर्धावाट खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर र मिति</td><td>फर्मको नाम</td><td>रकम</td></tr>
<tr><td>२०५।०७८।९।२०</td><td>अनुपम भेटेरिनरी औषधि पसल</td><td>२०००००</td></tr>
<tr><td>२०६।०७८।९।२०</td><td>अनुपम भेटेरिनरी औषधि पसल</td><td>३०००००</td></tr>
<tr><td>४३४।०७८।१२।१३</td><td>भारद्वाज भेट्स सप्लायर्स</td><td>१९९९६४</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६९९९६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
सोझै खरिद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावलीको दफा ८५ मा पाचँ लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सक्ने व्यवस्था रहे पनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ती फर्म वा संस्थावाट एक पटकभन्दा बढी टुक्रा टुक्रा गरी प्रतिपर्धालाई सिमित पार्ने गरी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । देहायको एउटै प्रकृतिको वाटो ग्राभेल तथा निर्माण काम एउटै मितिमा पटक पटक गरी रु ५ लाख भन्दा कमको लागत अनुमान बनाइ सोझै खरिद गरेको देखिन्छ । साथै पालिकाको गाउँ सभावाट निर्माण कार्य गर्दा सम्बन्धित लाभग्राहीको नगद लागत सहभागिता अनिवार्य गरी प्रत्येक योजनामा लागत सहभागिता सुनिश्चित गरेको देखिन्छ । तर पालिकाले प्रतिस्पर्धामा सिमित पारी लाभग्राही समुदायवाट प्राप्त हुन सक्ने लागत सहभागिता समेतलाई संकुचित पारी कोटेशन मार्फत कार्य गराएको छ । निर्माण गरिएको बाटोहरुको चेनेज नखुल्ने हुनाले कामको वास्तविक क्यान्टिटी बारे समेत एकिन गर्न सकिएन । प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>भौ. नं. र मिति</th><th>फर्मको नाम</th><th>कार्य</th><th>रकम</th></tr>
<tr><td>७२५।०७९।१।२१</td><td>अशोक कन्स्ट्रक्सन</td><td>बाटो मर्मत</td><td>४९२६००</td></tr>
<tr><td>७४६।०७९।१।२३</td><td>जोया एण्ड ब्रदर्श</td><td>सडक स्तरोन्नति</td><td>४७१६१५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| | कन्स्ट्रक्सन प्रा लि | | |
| ७९१।०७९।२।१६ | अरुणोदय निर्माण सेवा प्रा लि | बाटो मर्मत | ५३९९४२ |
| ९७४।०७९।३।८ | दिपक निर्माण सेवा | खोला नियन्त्रण | ४८४३९२ |
| १०६७।०७९।३।१३ | दिपादिल कन्स्ट्रक्सन | कल्भर्ट निर्माण | ४९३२४१ |
| ११२७।०७९।३।१४ | शिवदुति निर्माण सेवा | बाटो मर्मत | ७५२४५६ |
| ११२८।०७९।३।१४ | एलिसा निर्माण सेवा | बाटो मर्मत | ६९८७५६ |
| ११७०।०७९।३।१४ | स्वर्णीम निर्माण सेवा | बाटो मर्मत | ३८२०३३ |
| १२१६।०७९।३।२५ | सइपाल कन्स्ट्रक्सन | बाटो मर्मत | ४९५००० |
| १२२३।०७९।३।२५ | चक्र निर्माण सेवा | बाटो मर्मत | २५६६८७ |
| | जम्मा | | ५०६६७२२ |

</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>

**औषधि खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ ।पालिकाले औषधि खरिद गर्नु अघि लागत अनुमान बनाउदा होलसेल तथा डिलर रेटलाई आधार लिई बनाउनुपर्नेमा बजार मुल्यलाई आधार लिइ बनाएको देखिन्छ । वार्षिक रुपमा आवश्यक औषधिहरुको एकिन गरी टेन्डर प्रकृयावाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने पर्दछ

| भौचर र मिति | फर्मको नाम | खरिद | रकम |
|---|---|---|---|
| २०४।०७८।९।२० | सेतीदेवी मेडिसिन सप्लायर्स | औषधि | १०७८९८० |

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३३७।०७८।११।१६</td><td>नयन मेडिको फर्मा</td><td>औषधि</td><td>४७१३३६</td></tr>
<tr><td>७६७।०७९।२।१०</td><td>नासा मेडिको सप्लायर्स</td><td>औषधि</td><td>१९८०७५</td></tr>
<tr><td>७७०।०७९।२।१०</td><td>गुडलक मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा लि</td><td>औषधि</td><td>४९९६८६</td></tr>
<tr><td>८१२।०७९।२।२०</td><td>पाथीभरा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा लि</td><td>औषधि</td><td>२९९७३२</td></tr>
<tr><td>८८०।०७९।२।३१</td><td>सेतीदेवी मेडिसिन सप्लायर्स</td><td>औषधि</td><td>९९९५१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३५४७३१९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>शैक्षिक प्रतिवेदन<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक नगरपालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>परम्परागत धार्मिक विद्यालय दर्ता<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा परम्परादेखि चलिआएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा, मदरसा जस्ता संस्था सञ्चालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सक्ने र उपदफा (२) मा त्यसरी शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा, मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका क्षेत्र भित्र ५वटा धार्मिक विद्यालय</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सञ्चालनमा रहेको अनुदान समेत प्रदान गरेको भएता पनि दर्ता सम्बन्धि अभिलेख र अनुगमन प्रतिवेदन पेश भएन । | |
| ७६ | | | **विद्यालयगत निकासा रजिस्टर्ड**<br><br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |
| ७७ | | | **विद्यालयको नियमन**<br><br>स्थानिय सरकार सन्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस स्थानिय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरेनगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । | |
| ७८ | १५१ | २०७९-३-१६ | **निःशुल्क पाठ्यपुस्तक**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायकि विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ । पालिका भित्र संचालनमा रहेका ५७ सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तको लागि रु ८३८३९७४ अनुदान भुक्तानी गरेको छ । निशुल्क पाठ्यपुस्तक निकासा गर्दा विद्यालयले माग गरेको भन्दा पालिकाले बढी निकासा गरेको देहायका विद्यालयबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ४,८६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा भएको रकम</th><th>माग गरेको रकम</th><th>बढी निकासा रकम</th></tr>
<tr><td>जलदेवि आवि बहाक्षेत्र २</td><td>१३४९४०</td><td>१३२४२७</td><td>२५१३</td></tr>
<tr><td>बालसेवा आवि बराहक्षेत्र ६</td><td>५७८९५</td><td>५५५४७</td><td>२३४७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४८६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>
दिवा खाजा<br><br>
कार्याक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मा विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसकोलागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु १०८४७०१९निकासा भएकोमा IEMIS को तथ्यांक अध्यावधिक गरी विद्यार्थी संख्या एकीन नगरेको तथा खाजाको मेनु तयार नगरी अधिकांश विद्यालयले नगदै वितरण गरेको भरपाई पेश गरेको तथा पालिकाले अनुगमन गरेको पाइएन । जसले गर्दा कार्यान्वय पुस्तिकाको पालना भएको नपाइएकोले दिवा खाजा कार्यक्रममा निकासा भएको अनुसारको खर्च एकीन गर्न सकिएन । आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ ।
<table>
<tr><th>निकासा</th><th>दोस्रो चौमासिक निकासा</th><th>तेस्रो चौमासिक निकासा</th><th>जम्मा निकासा</th></tr>
<tr><td>४६५७७८४</td><td>३८१०६०</td><td>५८०८१७५</td><td>१०८४७०१९</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं मा ९.७ नमूना विद्यालयमा कार्य सम्पादन करारका आधारमा प्रअ र शिषकका लागि विद्यालय मार्फत अनुदान भुक्तानी गर्ने जसको गुरुयोजना स्थानीय तहबाट स्वीकृत छनौट भएको नमूना विद्यालयले प्रअ तथा माध्यमिक तहका विषयगत शिक्षकले गुरुयोजना कार्यन्वयन गर्नकोलागि अतिरिक्त समय समेत खट्नु पर्ने र विद्यार्थीको सिकाई अभिवृद्धि गर्न स्रोत सामाग्री व्यस्थापन गर्न अनुदान भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले आदर्श मावि बराहक्षेत्र २ लाई नमूना विद्यालय छनौट गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अनुदान रु २००००० भुक्तानी गरेकोमा विद्यालयले तयार गरेको गुरुयोजना कार्यान्वयन गरेको प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश गर्नुपर्ने रु | २००,००० |
| ८१ | | | **आइसिटी अनुदान दोहोरो भुक्तानी**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३. मा विगतमा यस्तो अनुदान नपाएका माध्यमिक विद्यालयको पहिचान गर्ने विज्ञान विषय पढाई भएका विद्यालय प्राविधिक संचालित विद्यालय र नमूना विद्यालयलाई प्रदान गर्ने र विगत वर्षमा प्राप्त भएको भए दोहोरो नदिने उल्लेख छ । पालिकाले यस वर्ष मोहन मावि बराह ११ लाई सशर्ततर्फको विज्ञान प्रयोगशाला अनुदान रु. ६५०००० दिएको पाइयो । साथै सोही विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट विज्ञान प्रयोगशाला अनुदान रु. ६५०००० भुक्तानी गेको पाइएकोले अनियमित देखिएको रु. | ६५०,००० |
| ८२ | २४ | २०७८-६-२२ | **शिक्षण सहयोग अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.११ अनुसार सार्वजनिक विद्यालयमा विज्ञान, गणित तथा अंग्रेजी शिक्षक दरबन्दी नभएको विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिने व्यवस्था छ । जसमा विद्यालयले शिक्षक नियुक्ती गरी पठनपाठन गर्ने र नियुक्ती भएको समयको शिक्षकको तलब भत्ता अनुदान उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा पालिकाले देहायको विद्यालयमा अनुदान भुक्तानी गर्दा बढी भुक्तानी गरेको पाइएकोले विद्यालयबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | २३५,१०८ |

| भौचर नं. | विद्यालयको नाम | शिक्षकको नाम | नियुक्ती मिति | भएको भुक्तानी | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">२४-०७८/६/२२</td><td>महेन्द्र मावि ७</td><td>पवन कोइराला</td><td>२०७८।६।१</td><td>४३१८३३</td><td>३५९८६०</td><td>७१९७२</td></tr>
<tr><td>मोहन मावि ११</td><td>पंकज झा</td><td>२०७८।८।१४</td><td>४३१८३३</td><td>२६८६९७</td><td>१६३१३६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२३५१०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>
अवकास भुक्तानी<br><br>
पालिकाले कुनै पनि कर्मचारिको अवकास पश्चातको सेवा सुविधा भुक्तानी गर्दा कार्यविधि तयार गरी सो को आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले विद्यालयबाट अवकास भएका शिक्षकहरुलाई सुविधा वापत एकमुष्ट रु. ५७५००० सुविधा भुक्तानी गरेको छ । जसमा पालिकाले कर्मचारी अवकास सुविधा सम्बन्धी कार्यविधि नबनाई पालिकाको शिक्षा समन्वय समितिको २०७८।५।२४ निर्णयबाट भुक्तानी गरेको पाइयो । यसरी कार्यविधि तयार नगरी प्रदान गरेको सुविधा अनियमित देखिएको रु.
</td><td>५७५,०००</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्ति<br><br>
आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।
<table>
<tr><th>विद्यालय संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>५७</td><td>४०८</td><td>४०८</td><td>१७८</td><td>१६९७०</td></tr>
</table>
<br>
पालिकाको कुल दरबन्दीमा प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>कृषि कार्यक्रम तर्फः<br><br>लागत सहभागिता- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ अनुसार लाभग्राहीहरुलाई कृषिजन्य बीउ पुँजी, विषादी जस्ता वस्तु उपलब्ध गराउँदा लागत सहभागिता हुनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुनाको रुपमा परीक्षण गर्दा पालिकाले रु.४,४४,५००।- को देहायका बीउ तथा विषादी खरिद तथा बितरणमा लाभग्राहीहरुको लागत सहभागिता भएको देखिएन । यसो हुँदा पालिकाको व्ययभार बढी हुने देखिएकोले म्यानुअलमा उल्लेखित व्यवस्था अनुसारको लागत सहभागिता गराई बीउ तथा बिषादी बितरण गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।<br>
<table>
<tr><th>भौ.नं./मिति</th><th>बाली</th><th>परिमाण</th><th>जम्मा खरिद मुल्य</th></tr>
<tr><td>८५-०७८।९।२६</td><td>झक्कास जिङ्ग (विषादी)</td><td>८०० के.जी.</td><td>९६०००</td></tr>
<tr><td>२३८-०७९।२।१०</td><td>धानको उन्नत बीउ(हर्दिनाथ)</td><td>२१०० के.जी.</td><td>१२३५००</td></tr>
<tr><td>३७७-०७९।३।१२</td><td>चमत्कार</td><td>५०००के.जी.</td><td>२२५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४४४५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमतर्फः</td><td></td></tr>
<tr><td>८६.१</td><td></td><td></td><td>सीप विकास तालिम- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आ.व.मा सीप विकास तालिम (सिलाई, कटाई, बाख्रापालन, बंगुरपालन, अगरबती, बेकरी , दालमोट भुजिया, डल, कुश बनाउने लगायतका तालिममा ७१० जना सहभागी) मा रु. रु.१२,२०,९२६।– खर्च र पुराना उद्यमीLहरु(१४२ जना)को स्तरोन्नतिका लागि तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण कार्यक्रममा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.५,६३,७३०।– गरी जम्मा रु.१७,८४,६५६।-खर्च गरेको छ । छनौटमा परेका नयाँ उद्यमीहरु निर्देशिकामा उल्लेखित प्रकृया अनुरुप भए नभएको स्पष्ट हनु सकिएन । सीप विकास तालिमबाट उद्यमीहरुले प्राप्त गरेको ज्ञान, सीप र प्रविधिको दीर्घकालीन उपयोग हुने र दुरुपयोग नहुने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| ८६.२ | | | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट पालिकाले गत आर्थिक वर्षमा अरुण कुमार मेहताले लिएको पेश्की फछ्र्यौट गर्दा ४५ वटा बाख्रा र ४२ वटा बंगुर प्रतिगोटा रु.५,०००।-का दरले विभिन्न उद्यमी व्यवसायी समूहका व्यक्तिहरुलाई नगदै रु.४,३५,०००।- हस्तान्तरण गरेको छ । जुन प्रयोजनका लागि रकम हस्तान्तरण गरिएको हो सो प्रयोजनका लागि उपयोग भयो या भएन भन्ने सम्बन्धमा पालिकाबाट अनुगमन भएको छैन । पालिकाबाट नदगै भुक्तानी दिने व्यवस्थामा नियन्त्रण हुनुपर्दछ र भुक्तानी भएको रकम सम्बन्धित प्रयोजनमा प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गरी यकिन गर्नु पर्दछ । | |
| ८७ | | | **नापी किताब**<br><br>निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । उल्लेख छ । पलिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| ८८ | | | **एजबिल्ट नक्सा**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन ।सम्पन्न योजनामा एजविल्ट नक्सा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९ | | | **मु अ कर कट्टी**<br><br>आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. २०५९५५ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | २०५,९५५ |

| भौ. नं. र मिति | फर्मको नाम | भुक्तानी रकम | भ्याट भुक्तानी | ३०% भ्याट रकम असुल। नपुग |
|---|---|---|---|---|
| ७२०।०७९।१।२१ | पानोरामा रिसर्च सेन्टर प्रा लि | ७५७९६४ | ९८५३५ | २९५६० |
| ११२८।०७९।३।१४ | एलिसा निर्माण सेवा | ६१८७५६ | ८०३८७ | २४१०० |
| साना सिचाइको लागी ट्युवेल खरिद | महामाया कन्स्ट्रक्सन | ३९०५००० | ५०७६५० | १५२२९५ |
| | जम्मा | | | २०५९५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **नन् फाइलर**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले गरेको भुक्तानीमा पेश गरेको कर विजक रकम देहायका फर्मलाई मू.अ.कर रु. भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ८२३,३०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| योजना | फर्मको नाम | बिजक र मिति | भुक्तानी रकम मु अ कर बाहेक | मु अ कर रकम |
|---|---|---|---|---|
| श्रीलंका टापुमा प्रसुति सेवा केन्द्र भवन | कार्की जयशम्भु जे भी प्यान नम्बर ६१७२६८४५७ | ०१।०७८।१०।५ | ९१५६५० | ११९०३४ |
| श्रीलंका टापुमा प्रसुति सेवा केन्द्र भवन | कार्की जयशम्भु जे भी प्यान नम्बर ६१७२६८४५७ | ०२।०७९।१।१९ | ११२०५५३ | १४५६७२ |
| श्रीलंका टापुमा प्रसुति सेवा केन्द्र भवन | कार्की जयशम्भु जे भी प्यान नम्बर ६१७२६८४५७ | ०३।०७ ।३।२४ | ९ ६२६० | ११७८१३ |
| वडा नं ६ कार्यालय भवन | कार्की । जयशम्भु जे भी प्यान नम्बर ६१७२६८२४८ | ०१।०७८।११।४ | १२९५११७ | १६८३६५ |
| वडा नं ६ कार्यालय भवन | कार्की । जयशम्भु जे भी प्यान नम्बर ६१७२६८२४८ | ०२।०७९।१।१९ | ११६११५३ | १५०९४९ |
| वडा नं ६ कार्यालय भवन | कार्की । जयशम्भु जे भी प्यान नम्बर ६१७२६८२४८ | ०३।०७९।३।२४ | ९३४४०८ | १२१४७३ |
| जम्मा | | | | ८२३३०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | | | **सामान खरिदमा ओभरहेड भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ मो नियम ११ मा मालसामानको स्विकृत नर्म्स र प्रचलित दरको प्रयोग गरी लागत अनुमान बनाएर मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ । खरिद कार्य गर्दा मालसामान खरिद कार्यमा सामानको वास्तविक मुल्य मात्र राख्ने र ओभरहेड | ५८५,१९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समावेश नगर्नुपर्नेमा पालिकाको साना सिचाइ कार्यक्रम अन्तरगत ट्युवेल खरिद तथा वितरण कार्यक्रममा देहाय अनुसार ओभरहेड समावेश गरी बढीको लागत अनुमान बनाइ रु५८५१९९भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम ठेक्का कबोल गरी सामान आपूर्ति गर्ने महामाया कन्स्ट्रक्सन सङ्ग असुल गर्नुपर्ने रु
<table>
<tr><th>सामान</th><th>खरिद परिमाण</th><th>दर</th><th>ओभरहेड</th><th>जम्मा बढी रकम</th></tr>
<tr><td>पाइप ४ इन्च</td><td>१११६</td><td>७८४</td><td>१०२</td><td>११३८३२</td></tr>
<tr><td>स्क्रिन ४ इन्च</td><td>३७२</td><td>९१७</td><td>११९</td><td>४४२६८</td></tr>
<tr><td>सेण्ड ट्रेप ४<br>इ<br>्च</td><td>६२</td><td>९७७</td><td>१२७</td><td>७८७४</td></tr>
<tr><td>कोन ४ इन्च</td><td>६२</td><td>१५१</td><td>१९</td><td>११७८</td></tr>
<tr><td>बोतल टि</td><td>६२</td><td>१०७५</td><td>१४०</td><td>८६८०</td></tr>
<tr><td>२ एच पि मोटर पम्प</td><td>७१</td><td>३३२०६</td><td>४३३१</td><td>३०७५०१</td></tr>
<tr><td>४ इन्च चक भल्ब</td><td>६२</td><td>८४६९</td><td>११०४</td><td>६८४४८</td></tr>
<tr><td>निप्पल ६×४</td><td>६२</td><td>११२१</td><td>१४६</td><td>९०५२</td></tr>
<tr><td>१८ केजी ट्युब</td><td>६२</td><td>३०१८</td><td>३९३</td><td>२४३६६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>५८५१९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>मर्मत सम्भार कोष<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत स म्भार कोषको व्यवस्था गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br><br>पालिकाले कर्मचारीलाई प्रत्साहन भत्ता भुक्तानी गर्दा कार्यविधि तयार गरी आन्तरिक आम्दानीलाई ध्यानमा राखि वितरण गर्नुपर्दछ । यस वर्ष कर्मचारीलाई प्रोत्साह भत्ता भुक्तानी रु ५६१३८७ खर्च लेखेको छ । प्रोत्साह भत्ता भुक्तानी गर्दा कार्यविधि तयार गरेको पाइएन । आगामी दिनमा भत्ता भुक्तानी गर्दा नियमको पालना गरी वितरण गर्नुपर्दछ । साथै पालिकाले भत्ता भुक्तानी गर्दा कम कर कट्टी भएको पाइएकोले देहायका कर्मचारीबाट कर कट्टी गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौचार नं</th><th>कर्मचारीको नाम</th><th>भत्ता भुक्तानी भएको रकम</th><th>कर कट्टी गर्नुपर्ने रकम (१५ % )</th><th>कट्टी भएको रकम(१ % )</th><th>कम कट्टी भएको रकम</th></tr>
<tr><td>३५-०७८/५/२५</td><td>राजेश प्रसाद पोखरेल</td><td>१०३७३७</td><td>१५५६१</td><td>१०३७</td><td>१४५२४</td></tr>
<tr><td>७६-०७८/६/१४</td><td>वीरेन्द्र यादव</td><td>११०५५९</td><td>१६५८४</td><td>११०७</td><td>१५४७७</td></tr>
<tr><td>२०२-०७८/७/२६</td><td>रामनारायण चौधरी</td><td>९८५४४</td><td>१४७८२</td><td>९८५</td><td>१३७९७</td></tr>
<tr><td>४३९-०७८/११/११</td><td>कपिल कोइराला</td><td>४८२४५</td><td>७२३७</td><td>४८३</td><td>६७५४</td></tr>
</table></td><td>७८,०५८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५२३-०७८/११/३० | कुमार श्रेष्ठ | ३०३०९ | ४५४६ | ३०१ | ४२४५ |
| ६७९-०७९/२/८ | खेम बहादुर कटुवाल | ३६३०८ | ५४४६ | ३६१ | ५०८५ |
| ७५५-०७९/२/३० | मनु कुमार लिम्बु | २४००० | ३६०० | २४० | ३३६० |
| ८२९-०७९/३/१४ | पुकार पौडेल | १४००० | २१०० | १४० | १९६० |
| | मनोरथ पौडेल | १४००० | २१०० | १४० | १९६० |
| | दुर्गा बहादुर बस्नेत | २८००० | ४२०० | २८० | ३९२० |
| | लोक बहादुर भण्डारी | ५३६८५ | ९०० | ६०० | ३०० |
| | खगेन्द्र गिरी | ४७६८५ | ७१५३ | ४७७ | ६६७६ |
| जम्मा | | ५६१३८७ | ८४२०८ | ६१५१ | ७८०५७ |

| | | | | |
|---|---|---|---|---|
| ९४ | | | अनुगमन तथा सम्परीक्षणः<br><br>लेखापरीक्षणको क्रममा NAMS मार्फत पालिकाले सम्परीक्षणको अनुरोध पेश गरेकोमा प्रमाण कागजात अपुग रहेकोले सम्परीक्षण गर्न नसकिएको । | |